# उद्धारकक्षोन्नती कार्यान्वयनको अवस्था

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तरगत स्नातकोत्तर तह एम.एड दोस्रो वर्षको Ed-598 विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

## शोधपत्र


प्रस्तुतकर्ता

चेतवहादुर कार्की

परीक्षा रोल नं. २१४००१४

त्रि.वि.द.नं. : ९-२-२१४-२१७ -२००५

शैक्षिक वर्ष : २०६५/०६६



सुकुना बहुमुखी क्याम्पस

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

कोसीहरैँचा, मोरङ


२०७३

उद्धारकक्षोन्नती कार्यान्वयनको अवस्था चेतवहादुर कार्की पाठ्यक्रम तथा मूल्याङ्कन विभाग २०७३

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त

# सुकुना बहुमुखी क्याम्पस

# SUKUNA MULTIPLE CAMPUS

इन्द्रपुर, मोरङ ☎ : ०२१-५४५६१७

INDRAPUR, MORANG ☎ : ०२१-५४५७१७

स्थापित : २०४८

फ्याक्स : ०२१-५४५७१७

पत्र सङ्ख्या :

**E-mail: sukunac@yahoo.com**

चलानी नम्बर :

मिति : ................................

## विषय : सिफारिस पत्र ।

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस स्नातकोत्तर तह ( एम.एड.) द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषयको आवश्यकता पूरा गर्नको लागि छात्र चेतबहादुर कार्कीले **उद्धारकक्षोन्नती कार्यान्वयनको अवस्था** शीर्षकमा तयार पार्नु भएको शोधपत्र स्वीकृतिका लागि मूल्याङ्कन समितिमा पेस गरिएको छ ।

...............................

भोजराज

घिमिरे

शोधनिर्देशक

मिति : २०७३/ /

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त

# सुकुना बहुमुखी क्याम्पस

# SUKUNA MULTIPLE CAMPUS

इन्द्रपुर, मोरङ ☎ : ०२१-५४५६१७

INDRAPUR, MORANG ☎ : ०२१-५४५७१७

स्थापित : २०४८

फ्याक्स : ०२१-५४५७१७

पत्र सङ्ख्या :

चलानी नम्बर :

E-mail: sukunac@yahoo.com

मिति : ................................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय सुकुना वहुमुखी क्याम्पस, कोसीहरैंचा मोरङ, पाठ्यक्रम तथा मूल्याङ्नक विषय लिई शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तहमा अध्ययनरत छात्र चेतबहादुर कार्कीले एम.एड्. द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि तयार गर्नु भएको **उद्धारकक्षोन्नती कार्यान्वयनको अवस्था** शीर्षकको शोधपत्र मुल्याङ्कन गरी मूल्याङ्न समितिबाट स्वीकृत गरिएको छ ।

### मूल्याङ्कन समिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | केशबराज भट्टराई | विभागीय प्रमुख | |
| ...................... | | | |
| २. | भोजराज घिमिरे | शोध निर्देशक | |
| ...................... | | | |
| ३. | | बाह्य परीक्षक | |
| ...................... | | | |

मिति : २०७३/ /

# कृतज्ञताज्ञापन

प्रश्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय अन्तर्गत पाठ्यक्रम तथा मूल्यांकन विभाग स्नातकोत्तर तह पाठ्यक्रम तथा मूल्यांकन विषयको द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि तयार पारिएको हो । यो शोध उदारकक्षोन्नति कार्यन्वयनको अवस्था शीर्षकमा केन्द्रित भएर गरिएको छ ।

यस शोधपत्र तयार गर्ने क्रममा आवश्यक सहयोग प्रदान गरी अनुसन्धानको मार्ग प्रसस्त गर्नु हुने आदरणिय गुरु एवम् सहायक क्याम्पस प्रमुख उप-प्रध्यापक लक्ष्मीकुमार श्रेष्ठज्यू र यस विभागका विभागिय प्रमुख श्री केशवराज भट्टराई ज्यूप्रति आभार व्यक्त गर्दछु । आफ्नो अमूल्य समय प्रदान गरी मार्गदर्शन गरिदिनु भई अध्ययन कार्यलाई सफल पार्न सहयोग सल्लाह एवं कुशल निर्देशन गर्नुहुने आदरणीय गुरु शोध निर्देशक भोजराज घिमिरे ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस अध्ययनमा सूचना संकलन गर्न आवश्यक सहयोग गर्ने प्रअहरु,शिक्षक शिक्षिकाहरु, श्रोतव्यक्ति र विनि, व्यवस्थापन समितिका सदस्यहरु, अभिभावकहरु, विद्यार्थीहरु र स्थानीय वुद्धिजीविहरुप्रति आभार व्यक्त गर्न चाहन्छु । साथै लेखन कार्यमा सहयोग गर्न समय प्रदान गर्ने परिवारका सदस्यहरुलाई धन्यवाद दिन चाहन्छु । साथै आवश्यक सल्लाह दिने गुरु प्रमोद निरौला, पर्शुराम पोखेल, जनार्दन गुरागाई र प्रत्यक्ष अप्रत्यक्षरुपमा शोधकार्य गर्न सहयोग गर्ने व्यक्तिहरु तथा संघसंस्थाप्रति पनि हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोध पत्रलाई कम्प्युटर टाइप गरी विशेष सहयोग पुऱ्याउने मोर्डन डिजिटल फोटो स्टुडियो तथा कम्युनिकेशन सेन्टर, सुकुना मोरङका प्रोपोराइटर धर्मेन्द्र दुलाललाई पनि धन्यवाद दिन चाहान्छु ।

चेतवहादुर कार्की

# शोधसार

उद्धारकक्षोन्नती कार्यान्वयनको अवस्था शीर्षकमा तयार पारिएको यो शोधपत्रको मुख्य उद्देश्य उद्धारकक्षोन्नती कार्यान्वयनको अवस्था विश्लेषण गर्नु रहेको छ ।

यस अध्ययनको लागि गुणात्मक र परिमाणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । नमुना विद्यालयहरू छनोट गर्न स्तरिकृत नमुना छनोट विधि र शिक्षक, अभिभावक, विद्यार्थी छनोट गर्न उद्देश्यमुलक नमुना छनोट विधिको प्रयोग गरिएको छ । यस अध्ययनको लागि पथरी स्रोतकेन्द्रका सामुदायीक प्रा.वि. विद्यालयहरू मध्ये ३ वटा छनोट गरी नमुनाको आकार भित्र २/२ जना शिक्षक गरी ६ जना, २ /२ जना विद्यार्थी गरी ६ जना १/१ प्र.अ. गरी ३ जना, अध्ययनरत विद्यार्थीको अभिभावक मध्ये १/१ जना गरी ३ जना र छनोटमा परेका क्षेत्रका स्रोतव्यक्ति साथै वि.नि.लाई लिइएको छ । त्यसैगरी तथ्याङ्क संकलनको लागि प्र.अ. तथा शिक्षकलाई खुल्ला र बन्द प्रश्नावली, अभिभावकलाई छलफल निर्देशिका, विद्यार्थीलाई अन्तरवार्ता निर्देशिका, वि.नि. र स्रोतव्यक्तिलाई प्रश्नावलीसँग सामुहिक छलफल गरिएको छ । तथ्याङ्कको प्रकृतिअनुसार तालिकासँगै वर्णनात्मक रूपमा तथ्याङ्क विश्लेषण गरिएको छ ।

उद्धारकक्षोन्नतीको मुख्य आधार कार्यसञ्चिकाको प्रयोग प्रभावकारीता कम भएको पाइयो । पहिलो त्रैमासिकमा विशिष्ट क्षमता देखाउनेलाई कक्षा उकास्ने र कमजोरलाई अभिभावक परामर्श कसैले नगरेको पाइयो । शिक्षक विद्यार्थी अनुपात सामान्यतयाः भन्दा कम भए पनि सिकाइ उपलब्धि प्रभावकारी देखिदैन । शिक्षक तालिम प्राप्त भए पनि व्यवहारमा प्रयोग नभएको पाइयो । सम्बन्धित निकायले उपयुक्त अनुगमन गरेको पाइदैन । साथै उद्धारकक्षोन्नतीमा अनुत्तीर्ण होइन बरु कक्षा चढाउनु पर्छ भन्ने शिक्षकको मानसिकता रहेको पाइयो ।

कार्यान्वयनमा देखिएका समस्यालाई समाधान गर्न अनुगमन तथा मूल्याङ्क प्रणालीमा सुधार, शैक्षिक तथा भौतिक वातावरण चुस्त राख्नु पर्ने, तालिमलाई समय समयमा पुनताजकि गर्नु पर्ने, राम्रो कामलाई पुरस्कार र गलत कामलाई सुधार गर्न पृष्ठपोषण प्रदान साथै सम्बन्धित निकायले विद्यालय व्यवस्थापन समिति र अभिभावकलाई जिम्मेवारी बोध गराउनु पर्ने सुझावहरू दिएका छन् ।

# विषयसूची

पृष्ठ सख्या

सिफारिस पत्र क

स्वीकृत पत्र ख

कृतज्ञताज्ञापन ग

शोधसार घ

विषयसूची ङ

तालिकासूचि ज

परिच्छेद एकः परिचय

१.१ अध्ययनको पृष्ठभूमी १

१.२ समस्याको कथन ५

१.३ अध्ययनको महत्व ५

१.४ अध्ययनका उद्देश्यहरु ६

१.५ अनुसन्धनात्मक प्रश्नहरु ६

१.६ अध्ययनको परिसीमा ६

परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ८

२.२ सैद्धान्तिक खाका ११

२.३ पुनरावलोकनको उपादेयता १३

२.४ अवधारणात्मक ढाँचा १३

परिच्छेद तीनः अध्ययन विधि र प्रकृया

३.१ अनुसन्धानात्मक ढाँचा १५

३.२ जनसंख्या र नमूना आकार १५

  ३.२.१ नमूना छनौट विधि १५

  ३.२.२ नमूना छनौटका आधारहरु १६

३.३ तथ्यांकका श्रोतहरु १६

  ३.३.१ प्राथमिक स्रोत १६

  ३.३.२ द्वितीय स्रोत १६

३.४ तथ्यांक संकलनका साधनहरु १६
३.५ तथ्यांक संकलन विधि १७
३.६ तथ्यांक विश्लेषण विधि १७

## परिच्छेद चार : छलफल र नतिजाको विश्लेषण

४.१ उदारकक्षोन्नति कार्यान्वयनको अवस्था १८
४.१.१ निरन्तर मूल्यांकन प्रयोगको अवस्था १८
४.१.२ व्यक्तिगत विवरण प्रयोगको अवस्था १९
४.१.३ कार्यसंचयिका प्रयोगको अवस्था २०
४.१.४ कार्यसंचयिकामा समेटनु पर्ने पक्षहरु प्रयोगको अवस्था २०
४..१.५ उदारकक्षोन्नतिको मापदण्ड प्रयोगको अवस्था २१
४.१.६ सिकाइ उपलब्धिस्तर वृद्धि गर्ने प्रयोग गरिएका उपायहरु २३
४.२ उदारकक्षोन्नतिले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव २४
४.२.१ विद्यार्थी उतीर्ण दर २४
४.२.२ कक्षा दोहोऱ्याउने दर २५
४.२.३ विद्यालयमा कक्षा छोडने दर २५
४.२.४ कक्षागत र विषयगत सिकाइ उपलब्धिको अवस्था २६
४.२.५ सिकाई उपलब्धिको तुलना २९
४.३ सिकाइ उपलब्धिका समस्याहरु ३०
४.३.१ शिक्षक विद्यार्थी अनुपात ३०
४.३.२ कक्षाकोठामा विद्यार्थी संख्या ३१
४.३.३ शिक्षकको तालिम ३३
४.३.४ विद्यालय र अभिभावकवीचको सम्बन्ध ३४
४.३.५ उदारकक्षोन्नतिको अनुगमनको अवस्था ३५
४.३.६ कक्षाकोठामा वातावरणको अवस्था ३५
४.३.७ उदारकक्षोन्नति नीतिमा शिक्षकका समस्याहरु ३५
४.४ उदारकक्षोन्नतिका सिकाइ उपलब्धिमा देखिएका समस्या समाधानका उपायहरु ३६
४.४.१ विद्यालय र अभिभावक विचको सम्बन्धमा सुधार गर्नु पर्ने ३६
४.४.२ उद्धारकक्षोन्नतीको अनुगमन तथा विद्यालयको वातावरणको व्यवस्थापन गर्नु पर्ने ३६

४.४.३ शिक्षक तालिमको व्यवस्था गर्नु पर्ने ३७
४.४.४ निरन्तर सिकाइ अवसरसँगै पृष्ठपोषण प्रदान गर्नु पर्ने ३७
४.५ प्राप्ती ३७

परिच्छेद पाँचः निष्कर्ष र सुझाव

५.१ निष्कर्ष ४१
५.२ अध्ययनका सुझावहरु ४२
५.२.१ नीतिगत तह ४२
५.२.२ अभ्यास तह ४२
५.२.३ अनुसन्धान तह ४३
सन्दर्भग्रन्थ
अनुसुचीहरू

# तालिकासूची


| तालिका नं. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| तालिका १: | तोकिएको मापदण्ड प्रयोगको अवस्था | १९ |
| तालिका २: | व्यक्तिगत विववरण प्रयोगको अवस्था | १९ |
| तालिका ३: | कार्यसंचयिका प्रयोगको अवस्था | २० |
| तालिका ४: | कार्यसंचयिकामा समेटनु पर्ने पक्षहरु प्रयोगको अवस्था | २१ |
| तालिका ५: | कक्षा उकास्ने मापदण्ड प्रयोगको अवस्था | २२ |
| तालिका ६: | सिकाइ उपलब्धिस्तर वृद्दि गर्न प्रयोग गरिएका उपायहरुको अवस्था | २३ |
| तालिका ७: | विद्यार्थी उतीर्ण दर | २४ |
| तालिका ८: | कक्षा दोहोऱ्याउने विद्यार्थीहरु | २५ |
| तालिका ९: | विद्यालयमा कक्षा छाडने दर | २६ |
| तालिका १०: | कक्षागत र विषयगत सिकाइ उपलब्धि २०७१ | २७ |
| तालिका ११: | कक्षागत र विषयगत सिकाइ उपलब्धि २०७२ | २८ |
| तालिका १२ : | सिकाइ उपलब्धि तुलना | २९ |
| तालिका १३: | शिक्षक विद्यार्थी अनुपात २०७१ | ३० |
| तालिका १४: | शिक्षक विद्यार्थी अनुपात २०७२ | ३१ |
| तालिका १५: | कक्षाकोठामा विद्यार्थी संख्या २०७२ | ३२ |
| तालिका १६: | कक्षाकोठामा विद्यार्थी संख्या २०७२ | ३२ |
| तालिका १७: | प्रावि तहका शिक्षकहरु र तालिम विवरण | ३३ |
| तालिका १८: | विद्यार्थीका सामाजिक व्यवहारसम्बन्धी विवरण | ३४ |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

विद्यालयमा आधारभूत तहको पहिलो संरचना प्राथामिक तह हो । जग बलियो भए घर बलियो भने जस्तै यसलाई बलियो बनाउन जरुरी रहनेछ । नेपालमा कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दरलाई कम गर्नका लागि निरन्तर मूल्याङ्कन प्रणाली र उदार कक्षोन्नति नीति कार्यन्वयन गर्ने प्रयास भईरहेको छ । प्राथामिक तह पुरा गर्न कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने सङ्ख्या कम गराउने, परिक्षाको डर कम गराउने, निरन्तर मूल्याङ्कन प्रणालीको माध्यमबाट उदारकक्षोन्ती नीति लागू गर्ने शैक्षिक रणनीति तयार गरिएकोछ (शै.ज.वि.के., २०६५) ।

नेपालको सन्दर्भमा प्राथामिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियाको आवश्यकता निकै बढिरहेको छ । शिक्षा इतिहासमा राजनीतिक परिवर्तनसंगै प्रजातन्त्रको उदयबाट बिभिन्न समयमा गठन भएका आयोगले यसलाई अवलम्बन गर्नु पर्ने सुझाव दिएका छन् । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन (२०१८) ले प्राथमिक तहको मूल्याङ्कन मौखिक र विद्यार्थीका गतिबिधिमा आधारित हुनुपर्दछ भन्ने उल्लेख गरिएको छ । त्यसैगरी रा.शि.प.यो. (२०२८) ले आन्तरिक मूल्याङ्कन प्रणाली र प्रगति विवरण राख्नुपर्ने ब्यवस्था उल्लेख गरिएको छ । रा.शि.आ.प्र. (२०४९)ले विद्यार्थी मूल्याङ्कन नियमित , मौखिक र आन्तरिक कार्यका आधारमा गर्नु पर्ने उल्लेख गरिएको छ । उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५) ले निरन्तर मूल्याङ्कन प्रणली अनुसार कक्षा माथि लैजाने ब्यवस्था गरिनेछ भनि उल्लेख गरिएको छ । २०५६/५७ देखी पाँच जिल्लामा परीक्षणका रुपमा संचालन भई २०६३ बाट कक्षा १ बाट सुरु गरी विद्यालय सुधार योजना (२०६२-२०७२) मार्फत कक्षा १ देखि ८ सम्म आधारभूत शिक्षामा निरन्तर मूल्याङ्कन प्रणाली लागू गरिनेछ भनी उललेख गरिएको छ (शै.ज.वि.के., २०६७) ।

उदार कक्षोन्नतिको आधारमा विद्यार्थीका कर्यसंचयिका भनिन्छ । विद्यार्थीका कार्यको प्रगति अनुसार अति उत्तम, उत्तम र सामान्य गरी रेजाको माध्यमले तीन श्रेणीमा छुट्याईन्छ । रेजाका माध्यमले ७०% भन्दा बढि 'क' श्रेणि ४० देखि ६९ % 'ख' श्रेणी र ३९ भन्दा कम 'ग' श्रेणीमा राखी माथिल्लो कक्षामा अनिवार्य कक्षोन्नति गर्नु पर्ने ब्यवस्था गरिएको छ (पा.वि.के., २०५९) ।

सामान्य मूल्यांकन भनेको अवलोकन तथा सूचनाका आधारमा कुनै कार्यप्रति हेर्ने दृष्टिकोण हो । यसले  ठोस निर्णयका लागि उपयुक्त आधार प्रदान गर्दछ । विद्यार्थी मूल्यांकन भनेको विद्यार्थीमा के कस्ता सिकाइ उदेश्य अनुसारको उपलब्धि प्राप्त भयो वा भएन भनी हेर्ने प्रकृया हो । अर्को शब्दमा हेर्दा पाठ्यक्रमले निर्धारण गरेको उदेश्यहरु अनुरुपका ज्ञान ,सीप र व्यवहार

विद्यार्थीहरुले हासिल के कति मात्रामा गरे भनेर लेखाजोखा गर्ने कार्य नै विद्यार्थी मूल्यांकन हो । मुख्य रुपमा अहिले हाम्रा  सामुदायिक विद्यालयहरुमा दुइ किसिमले विद्यार्थी मूल्यांकन गरिन्छ । विद्यार्थीका वारेमा निर्णय लिन गरिने मूल्यांकनलाई निर्णयात्मक मूल्यांकन भनिन्छ र पाठ्यक्रमले अपेक्षा गरेका उदेश्य पूरा गराउने उपचारात्मक शिक्षण सिकाइसँगै गरिने मूल्यांकनलाई निरन्तर मूल्यांकन भनिन्छ । त्यसै गरी विद्यार्थीले सिक्न नसकेका कुरा समयमा नै जानकारी गरेर उनीहरुलाई आवश्यकता अनुसार थप सहयोग गर्न पटकप पटक गरिने मूल्यांकनलाई नै निरन्त मूल्यांकन भनिन्छ । विद्यार्थीले के कति सिके भनेर मूल्यांकनका विभिन्न साधनहरु अपनाएर विद्यार्थीको क्रमिक  रुपमा निरन्तर मूल्यांकन गरिन्छ । यसमा लिखित,मौखिक, कक्षाकार्य, गृहकार्य, व्यवहार अवलोकन, शैक्षिक अभिलेख, अतिरिक्त कृयाकलाप, हाजिरी र पारिवारिक विववरण आदि शैक्षिक संस्थाबाट निरन्तर रुपमा रेखदेख तथा संचालन गरिन्छ । यसरी विद्यार्थीको पठनपाठनसँग उनीहरुको निरन्तर मूल्यांकन गरी सिक्न नसकेका कुरा सिकाएर  अथवा माथिल्लो कक्षामा सिक्ने गरी विद्यार्थीलाई कक्षा चढाउनुलाई नै उदारकक्षोन्नति भनिन्छ (अधिकारी, २०६७) ।

नेपालको शिक्षा विकासमा पनि आर्थिक, सामाजिक, भौगोलिक, जातिय भेदभाव, रुढीवादी परम्पराका साथै पिछडिएको मानसिकताले समेत जरो गाडेको कारणले शैक्षिक उन्नतिको तिव्रतामा रोकावट गर्दागर्दै पनि प्राचिन नेपालमा शिक्षा फैलाउने काम गुरुकुल र वौद्धमतका गुम्बा बिहारबाट भएको पाइन्छ । मध्यकालमा पनि यिनै संस्था सक्रिय रहे भने राणा शासन कालमा जङ्ग बहादुरको बेलायत भ्रमण पश्चात आफ्ना छोरा छोरीलाई पढाउन वि.स. १९१० असोज २७ गतेका दिन दरबार स्कुलको स्थापना गरे । यस बेला बढि प्राथमिकता अंग्रेजी शिक्षालाई दिइन्थ्यो भने संस्कृत पाठशालाहरु पनि संचालन भएको पाइन्छ । तर यति बेलासम्म पढ्ने छात्रको परीक्षा  लिने र प्रमाणपत्र दिने कुनै व्यवस्था नभएकोले त्यहाँ पढाउने पण्डितको सिफारिस पत्र लिएर वि.स. १९४८ तिर इष्ट इन्डिया कम्पनि सरकारले संस्कृत शिक्षा विकासको लागि स्थापना गरेको गभर्मेन्ट संयुक्त कलेजमा गइ परीक्षा  दिने गर्दथे ( पौडेल, २०५३ ) ।

यस पश्चात राणाशासन कालमा भाषा पाठशाला खोलि त्यसको व्यवस्थापन समेत भए, यस अवस्थामा नेपालको साक्षरता गणना योग्य थिएन । वि.स. २००७ सालमा राणशासनको अन्त्य हुदाँ नेपालको साक्षरता २ प्रतिशत थियो भने महिलाको प्रतिशत गणना  हुने अवस्थामा थिएन । वि. स. २०११ सालमा राष्टिय शिक्षा योजना आयोगको गठन भयो । त्यसले नेपालको शिक्षा पद्धतिलाई नयाँ मोड दियो । यसले प्राथमिक शिक्षाको क्षेत्रमा महत्वपुर्ण विषयलाई  सुझावको रुपमा प्रस्तुत गऱ्यो । यस सुझाव कार्यान्वयन हुन लाग्दा नलाग्दै देशमा राजनैतिक  परिवर्तन भयो, तर पनि

हाम्रा लागि यी सुझाव आज पनि चुनौतिका रुपमा छन् । बदलिएको परिस्थिती अनुरुप जनतालाई शिक्षा दिई पंचायती व्यवस्था अनुकुलको जनशक्ति उत्पादन गर्नु पर्ने आवश्यक्तालाई ध्यान दिई २०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन भयो । यसले देशभरी एकै प्रकारको शिक्षा पद्धति लागु गर्ने, निःशुल्क र अनिवार्य प्राथमिक शिक्षा नीति लागु गर्ने, शिक्षा व्यवहार विधि तथा शिक्षा ऐनको मस्यौदा समेत प्रस्तावित गऱ्यो । यसले विद्यार्थी मूल्याङ्कन निरन्तर र नियमित हुनुपर्ने कुरामा जोड दियो । जसको फलस्वरुप वि. स. २०२२ मा शिक्षा विभाग अर्न्तगत परीक्षा सुधार समिती गठन भयो ( सेरीड, १९९८ ) ।

शिक्षा प्रणालीमा रहेका समस्या र कमिहरुलाई हटाउन राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागु भयो । यस योजनाले नै मुल्याङ्कनको क्षेत्रमा पनि नयाँ फड्को मारी सिकाइने प्रत्येक पाठको अन्त्यमा एकाई परीक्षा  गर्ने, प्रत्येक ३/३ महिनामा प्रत्येक विधार्थीको प्रगती विवरण राख्नुपर्ने, प्रश्नपत्रहरु वैज्ञानिक तथा स्तरयुक्त बनाउनु पर्ने र प्राथमिक शिक्षाको अन्तमा जिल्ला शिक्षा कार्यालयको टोलीले गरेको परीक्षा को आधारमा विधार्थीलाई अर्को तहमा प्रवेश दिने जस्ता परीक्षा सम्बन्धी सुधारको व्यवस्था गरियो । तत्पश्चात २०४६ सालको जनआन्दोलनको परिणाम स्वरुप नेपालमा बहुदलिय व्यवस्था स्थापना भयो । पुनः स्थापित बहुदलिय राजनैतिक प्रणाली अनुरुप शिक्षामा समसामायिक सुधारको आवश्यक्तालाई औंल्याउँदै २०४९ आषाढ १४ गते राष्ट्रिय शिक्षा योजना २०४९ ले आफनो प्रतिवेदन तत्कालिन श्री ५ को सरकार समक्ष पेश गऱ्यो । उक्त प्रतिवेदनले शिक्षाका राष्ट्रिय उद्देश्य, संरचना र नीति लगायत प्रजातान्त्रीक मुल्य, मान्यता अनुकुल शिक्षा दिने नेपाल अधिराज्यको संविधान २०४७ द्वारा सुरक्षित मौलिक हक र मानव अधिकारका साथै निर्देशक सिद्वान्त र नीतिहरुको अभिप्राय अनुसार शिक्षा दिने प्रक्रियामा यो प्रतिवेदन अत्यन्त महत्वपुर्ण छ । प्राथमिक तहका विधार्थीहरुको शौक्षिक उपलब्धि अत्यन्त न्युन रहेको कुरा विभिन्न तथ्याङ्कले वा अध्ययनले देखाएको छ । त्यसै गरी आ.प्रा.शि.प., सन् १९९८ मा प्रकाशित पुरानो पाठ्यक्रम र नयाँ पाठ्यक्रम विच विधार्थीको उपलब्धि फरक सम्बन्धि अध्ययनले पनि विधार्थीको उपलब्धि २० प्रतिशत भन्दा माथि जान नसकेको, पुरानो पाठ्यक्रममा भन्दा नयाँ पाठ्यक्रममा विधार्थीको स्तर उठन नसकेको तथ्य उजागर गरेको छ । शिक्षा क्षेत्रमा लगानीको तुलानामा अपेक्षाकृत रुपमा प्रगति हुन नसक्नु भित्र के छ ? खोजिको विषय बन्न पुग्यो (आ.प्रा.शि.प. पाठ्यक्रम, १९९८ ) ।

शिक्षाको क्षेत्रमा आएका नविन आयामहरु तथा राष्ट्रिय अन्तर्राष्ट्रिय सभा सम्मेलन ले पारित गरेका प्रस्तावहरुले सफल कार्यनवयन गर्ने योजना अनुरुप नेपालको तत्कालिन शिक्षानिति कार्यक्रम

तथा संगठनको अध्ययन एवं विश्लेशणद्वारा राष्ट्रिय आवश्यक्ता अनुरुप स्वावलम्वि र दक्ष जनशक्ति निर्माण गर्न विधमान शिक्षा नीति कार्यक्रम र संगठनात्मक स्वरुपको अभ्क बढि सुदृढिकरण गर्दै अधिराज्यभर सञ्चालित शिक्षा प्रणालीको पुनरावलोकन र अध्ययनका आधारमा एकाइसौ शताब्दिमा प्रतिस्पर्धा गर्ने जनशक्ति तयार गर्न समय सापेक्ष नीति तयार पारि प्रतिवेदन पेश गर्नका लागि २०५५ सालमा उच्चस्तरिय राष्ट्रिय शिक्षा आयोगको गठन भयो। यस आयोगले पूर्व प्राथमिक शिक्षा र अनिवार्य तथा निःशुल्क शिक्षा लागु गर्ने, निःशुल्क प्राथमिक शिक्षालाई सर्वसुलभ र सर्वव्यापी तुल्याउन बिधार्थीमा गुणस्तर वृद्धिको व्यवस्था गर्ने, सिप र संज्ञानात्मक विकासका निम्ति अभ्यासमा जोड दिइ यस तहको शिक्षालाई बालकेन्द्रित र गतिविधि उन्मुख तुल्याउने, तीन कक्षासम्म उद्वार कक्षोन्नतिको व्यवस्था गरि निरन्तर मुल्याकन पद्वतिलाई सुदृढिकरण गरिने मुल्याङ्कन सम्बन्धी समस्या ( प्राथमिक तहका प्राथमिक तहका प्रारम्भिक कक्षाहरुमा गृहकार्य, मौखिक कार्य, अतिरिक्त क्रियाकलापमा संलग्नता र कक्षा परीक्षालाई आधार मानी नियमित रुपमा मुल्याङ्कन नगरी वर्षको एक पटक लिइने औपचारिक परीक्षा को नतिजालाई आधार मानि पास फेल गर्ने) लाई सामाधान गर्न निरन्तर मुल्याङ्कनका माध्यमले उदार कक्षोन्नती गर्ने नीतिको सिफारिस भयो (शिक्षा मन्त्रालय, २०५६ )।

निरन्तर विद्यार्थी मूल्यांकनको आवश्यकता वढिरहेको छ। आधारभूत शिक्षामा गरेको लगानीलाई  फलदायी साथै दीगो बनाउनु परेको छ। आधारभूत शिक्षामा सिकाइ वालमैत्री हुन नसकेकाले तल्ला कक्षामा कक्षा छोडने र कक्षा दोहोऱ्याउने संख्या देखिन्छ। विद्यार्थीको निरन्तर मूल्यांकन गरेर उपचारात्मक शिक्षण सिकाइबाट मात्र यस्तो क्षतिलाई कम गर्न सकिन्छ। यसै दृष्टिकोणबाट नेपाल सरकार शिक्षा मन्त्रालयले अहिले आधारभूत शिक्षाको कक्षा १ देखि ५ सम्म निरन्तर  मूल्यांकन प्रणाली लागू गरकेको छ। आगामी शैक्षिक सत्रदेखि आधारभूत तहको कक्षा ७ समम लागू गर्दै जाने नीतिलाई अगाडि सारेको छ (पाविके, २०६२)।

समग्रमा हेर्दा शैक्षिक नीति निर्माण गरी कार्यन्वयनका लागि निर्देशन भएता पनि कार्यन्वयनको आवश्यकता विद्यालय तहमा कमजोर रहेको पाईन्छ। यस अध्ययनले प्राथमिक तहको उदार कक्षोन्नती अवस्था अध्ययन गरिको छ।

## १.२ समस्याको कथन

नेपालमा प्राथमिक तहमा अहिले भईरहेका मूल्याङ्कन प्रक्रियाले विद्यार्थीको सम्पूर्ण पक्षको मूल्याङ्कन गर्न सकेको छैन । लिखित परीक्षाको माध्यमले विद्यार्थीको ज्ञानात्मक पक्षमात्र मूल्याङ्कन गरेको छ । यसका साथै अन्य भावनात्मक र मनोक्रियात्मक पक्षलाई पनि समेट्नु पर्दछ । यसलाई आधार मानी वि. सं. २०६३ देखि निरन्तर मूल्याङ्कनका माध्यमबाट उदार कक्षोन्ती प्रारम्भ गरिएको छ ।

यसरी उदारकक्षोन्नतिका माध्यमले बालवालिका विद्यालयप्रति आकर्षण , सिकाई उपलब्धिपूर्ण साथै ब्यावहारिक ज्ञान प्राप्त हुने आशा गरिएको छ । यस सम्बन्धमा यसका आधार , मापदण्ड प्रक्रिया साथै समस्याहरुको समाधानका उपाय नगरी अपेक्षित सिकाई उपलब्धि बिना उदारकक्षोन्नतिलाई कार्यन्वयनमा ल्याएको नकारात्मक कुराहरु प्रचार प्रसार हुन थालिएको पाईन्छ ।

उदारकक्षोन्नतिले विद्यार्थीकेन्द्रित बिधि प्रयोगमा जोड सँगै सर्बाङ्गीण पक्षमा ध्यान दिने गर्दछ जसले गर्दा विद्यालयको उतीर्णदर बढ्ने हुनछ । यसका लागी ठोस नीति, दक्ष शिक्षक, समय र खर्च आदिको अभावले गर्दा कार्यन्वयनको अवस्था कमजोर भएको पाईन्छ । त्यसैले कार्यन्वयनको अवस्था कमजोर भएको पाईन्छ । त्यसैले कार्यन्वयनको लागि सरोकारवालाहरुकामा कस्तो जानकार छन् कि छैनन्? उदारकक्षोन्नती मापदण्ड अनुसार भएका छन् की छैनन्? उदार कक्षोन्नति कार्यन्वयन के-के समस्याहरु रहेका छन् समस्या समाधान गर्न कस्ता उपायहरु लिन सकिन्छ भन्ने कुरालाई समस्याको रुपमा लिईएको छ ।

## १.३ अध्ययनको औचित्य / महत्व

समयको परिवर्तन सँगै शैक्षिक क्षेत्रमा सुधार र विस्तार कार्य हुदै आएको पाईन्छ । अहिले सम्म पनि अन्य मूलुकको तुलनामा कमजोर अवस्था रहेको छ । लगानी अनुसारको प्रतिफल हुन्छ जसले शैक्षिक दुर्घटना कम गर्दछ भन्ने धारणका साथ उदारकक्षोन्नति नीति कार्यन्वयनमा आएको छ । सबैका लागि शिक्षा (२०१५) डाकार सम्मेलन देखि नै नेपाल सरकारले पनि प्रतिबद्धता जनाई वर्षेनि रुपमा विभिन्न शैक्षिक कार्यक्रम संचालन गरेको छ । दशौं पञ्च बर्षीय योजनाको अन्त्य सम्ममा (२०५९-२०६४) खुद भर्नादर ९० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको थियो । यसलाई क्रमशः निरन्तरता दिएको पाईन्छ । कक्षा छाड्ने, विद्यार्थी चाप घट्ने दर बढि रहेको छ यो समस्या समाधानका लागि उदार कक्षोन्नती नीतिलाई बढि महत्व दिएको पाईन्छ ।

उदारकक्षोन्ती कार्यन्वयनका लागि केन्द्र देखि स्थानीय स्तरसम्म धेरै समस्याहरु छन् । जसले गर्दा कार्यन्वयनको अवस्था, निर्धारित मापदण्ड पूरा गरे नगरेको, प्रभावकारी सिकाइ गर्न पृष्ठपोषण प्रदान गर्न साथै सरोकारवाला योजनाका, शिक्षाविद, प्रशासक, वि.नि., प्र.अ., शिक्षक, अभिभावक, श्रोत व्यक्ति तथा प्रत्यक्ष वा अप्रत्यक्ष चासो राख्ने सवैका लागि केहि फलदायी हुने भएकाले अध्ययनको आवश्यकता महसुस गरी खोज अनुसन्धान गर्न लागिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

प्राथमिक तहमा उदार कक्षोन्ती कार्यन्वयनको अध्ययन गर्न निम्न उद्देश्यहरु राखिएको छ :

(क) उदार कक्षोन्नति कार्यान्वयनको वर्तमान अवस्था पहिचान गर्नु ।

(ख) उदार कक्षोन्नति कार्यान्वयनले विद्यार्थीको सिकाई उपलब्धिमा पारेको प्रभाव विश्लेषण गर्नु ।

(ग) उदार कक्षोन्नति कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपायहरु खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

प्राथमिक तहमा उदार कक्षोन्नतिको अवश्था अध्ययन गर्न निम्नानुसारका अनुशशन्धानात्मक प्रश्नहरुको उत्तर खोजिएको छ ।

(क) प्राथमिक तहमा उदार कक्षोन्नती कार्यन्वयनको वर्तमान अवस्था कस्तो छ ?

(ख) उदार कक्षोन्नति कार्यन्वयनले सिकाई उपलब्धिमा प्रभाव कस्तो परेको छ ?

(ग) उदार कक्षोन्नति कार्यन्वयनको क्रममा कस्ता समस्याहरु आएका छन् ?

(घ) उदारकक्षोन्नति कार्यन्वयनको क्रममा देखिएका समस्याहरुको समाधान कसरी गर्न सकिन्छ ?

(ङ) उदार कक्षोन्नति कार्यन्वयनको प्रभावकारिता कस्तो छ ?

## १.६ अध्ययनको परिसीमा

जुनसुकै पनि अध्ययनको उद्देश्य प्राप्तिका लागि त्यस क्षेत्रसँग सम्बन्धित व्यापक स्रोत, साधन सँगै समयको आवश्यकता पर्दछ । त्यसैले यस अध्ययन कार्यलाई सरल र सजिलो रुपमा अगाडि लैजान निम्नानुसारको परिसिमा राखिएको छ ।

(क) प्रस्तुत अध्ययन मोरङ् जिल्लाको पथरी श्रोतकेन्द्रभित्र संचालित सामूदायीक प्राथमकि विद्यालयमा सीमित गरिएको छ ।

(ख) यस अध्ययनलाई उदार कक्षोन्नती लागू भएका १-३ कक्षामा मात्र समेटिएको छ ।

(ग) यस अध्ययनले उदार कक्षोन्नती लागू भएका कक्षाहरुमा कार्यान्वयनको बर्तमान अवस्था, सिकाई उपलब्धि साथै देखिएका समस्या र समाधानका उपायहरुलाई मात्र समेटेको छ ।

(घ) यस अध्ययन शैक्षिक वर्ष २०७२ /२०७३ मा सीमित गरिएको छ ।

(ङ) यस अध्ययनलाई कक्षा १-३ सम्म सिमित गरिएको छ ।

(च) यस अध्ययनलाई तीन वटा सामुदायिक प्राथमिक विद्यालयमा सिमित गरिएको छ ।

(छ) यस अध्ययनलाई उद्धार कक्षोन्नती कार्यान्वयनको अवस्था विषयमा मात्र सिमित गरिएको छ ।

(ज) यो अध्ययन प्रत्येक विद्यालयका कक्षा १-३ मा अध्ययनरत्त विद्यार्थी मध्ये २/२ जनाका दरले ६ जनामा सिमति गरिएको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन

प्राथमिक तहको नतिजामा सैदान्तिक खाका सुधार साथै लगानीबाट उचित सिकाइ उपलब्धी हासिल गर्नका उद्धार कक्षोन्नतिको नीतिलाई अवलम्बन गरिएको छ । यस अध्ययनमा उधार कक्षोन्नतिको सम्बन्धमा सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिका खाकाको विश्लेषण गर्न विभिन्न पुस्तक, लेख रचना, पत्रपत्रिका र सोधपत्रहरुको समीक्षा गरिएको छ ।

## २.१ सम्बन्धित साहित्य अध्ययनको पुनरावलोकन

सम्बन्धित साहित्यको पुनरावलोकनकर्तालाई शोधकर्तालाई आफ्नो विषयको भित्रसम्म अध्ययन तथा अनुसन्धान गरी सल्लाह दिन साथै शोध प्रश्तावको लागि आधार तयार गर्नका लागि सहयोग गरेको हुन्छ । सम्बन्धित साहित्यको पुनरावलोकन गर्ने क्रममा प्राप्त भएका साहित्यिक प्रतिवेदन, पत्रपत्रिका र सन्दर्भग्रन्थहरुको अध्ययन गरी आएका निष्कर्षहरुलाई निचोडको रुपमा लिइएको छ ।

राष्ट्रिय पाठयक्रम प्रारुप २०६३ का अनुसार प्राथमिक तहमा विद्यार्थीको मूल्याङ्कन गर्दा शिक्षक बढी जिम्मेवारी हुनुपर्ने साथै निर्माणात्मक मूल्यांकनमा जोड दिँदै उदार कक्षोन्नति गरिनु पर्ने प्रकृया अबलम्बन गर्दै आधारभूत तह (१-८) कक्षासम्म लागू गर्नुपर्ने कुरामा जोड दिइएको छ ।

कार्की (२०६६) का अनुसार परम्परागत रूपमा चल्दै आएका परीक्षा प्रणालीले विद्यार्थीको चौतर्फी पक्षको मूल्याङ्कन गर्न नसकेको निचोड निकाली देशव्यापी रूपमा लागु भई सकेको निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनको क्रममा देखिएका समस्या र त्यसको उचित समाधानमा केन्द्रित भई अध्ययन गरेको पाइयो । उक्त अध्ययनबाट कार्यसंचयीकाको फायललाई उचितरूपमा व्यवस्थापन नगरेको, विद्यार्थी मूल्याङ्कनको लागि परीक्षा बाहेका मूल्याङ्कनका अन्य साधनहरूको प्रयोग नगरेको, विद्यार्थी शिक्षक अनुपात उपयुक्त नहुदा शिक्षकलाई बढी पाठ्यभार परेको, उद्धारकक्षोन्नती सम्बन्धी तालिमको अभाव आदि निष्कर्षहरू निकालेको पाइयो भने निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी कार्यान्वयनको लागि उचित शिक्षक तालिमको व्यवस्था गर्नु पर्ने, नियमित अनुगमन र निरीक्षणको व्यवस्था गर्नु पर्ने, कार्यासंचयीका फायललाई उचित व्यवस्थापन गर्नुको लागि प्रत्येक कक्षाकोठामा एउटा दराजको व्यवस्था गर्नु पर्ने, निरन्तर विद्यार्थी मूल्याङकन प्रणाली सहज रूपमा प्रयोगमा ल्याउनको लागि शिक्षक दरबन्दी थप गरी मूल्याङ्कन प्रणालीलाई संस्थागत विद्यालयमा समेत लागु गर्नु पर्ने सुझावहरू दिएका छन् ।

शर्मा ( २०६६) का अनुसार उदार कक्षोन्नति नीति कर्यान्वयन गर्न  सबैलाई उत्साहित गर्छ तर निरन्तर मूल्यांकन प्रकृयालाई सही तबरले अपनाएर शिक्षण सिकाइ गरिनु पर्छ र विभिन्न अध्ययनहरुले देखाए अनुसार विद्यालयमा शिक्षकको कम उपस्थिति, मूल्यांकन विवरण नराख्नु, नीरिक्षण कम हुनु र कार्यन्वयनका लागि आवश्यका पृष्ठपोषण नदिनुजस्ता समस्याहरु रहेका छन् । कमजोरी पक्षलाई केलाउँदै विद्यार्थीहरुमो भएको आन्तरिक क्षमता प्रष्फुटित गराउने अवसर सिर्जना गराउने अपेक्षाका साथ भौगोलिक विविधता जनशक्तिको अभाव, श्रोत साधनको अभावको अवस्था रहेको छ । यस्ता सबै कुराहरुलाई ख्याल गर्दै उद्धार कक्षोन्नतिको कार्यन्वयनको पक्षमा आ-आफ्नो स्थानबाट सहयोग हुनुपर्ने देखिन्छ ।

भट्टराई (२०६५) का अनुसार प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाी र उदारकक्षोन्नति व्यवस्था कार्यान्वयनको अवस्था शीर्षक उदारकक्षोन्नति व्यवस्था सम्बन्धमा अभिभावकहरू अनविज्ञ रहेको शिक्षकहरू पनि यसबारेमा पूर्णरूपमा जानकार नभएको कुरा उल्लेख गर्नु भएको छ । उदारकक्षोन्नति कार्यान्वयनमा विद्यार्थी नियमित रूपमा उपस्थित नहुने कक्षामा विद्यार्थी संख्या अधिक हुने र शिक्षकहरू तालिम अप्राप्त हुनु जस्ता कारणहरू प्रमुख समस्याको रूपमा रहेको उल्लेख गर्नु भएको छ । यस्ता समस्याहरू समाधान गर्न सरकारी स्तरबाट कुनै पहल नभएकोले प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि अभिभावकहरूमा नै चेतना जगाउनु पर्ने, विद्यार्थीहरूका कमिकमजोरीहरू औल्याई सुधार गर्नको लागि पुरस्कार र दण्ड सहितको मनोवैज्ञानिक ढंगले उपचार गर्नु पर्ने, विद्यार्थीका सम्पूर्ण शैक्षिक क्रियाकलापहरूको समुचित तरिकाबाट रेर्डक राख्ने र उदारकक्षोन्नति कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि सम्बन्धित निकायबाट सहयोग हुनुपर्ने सुझाव दिनु भएको छ ।

सुवेदी (२०६१ ) को आफ्नो शोधपत्रका अनुसार विद्यार्थीको शैक्षिक उपलब्धि उच्च बनाउनका लागि परीक्षालाई समयानुकुल सुधार गरिनु पर्ने हुन्छ । यसका लागि शिक्षकलाई तालिम, गोष्ठि, सेमिनार तथा पुनर्ताजगि कक्षामा संलग्न गराउने, स्रोतकेन्द्रिस्तरिय परीक्षा बोर्ड बनाई प्रश्नपत्र निर्माण तथा परिक्षण गराउने, कमजोर विद्यार्थीलाई समूह छुट्याई अतिरिक्त कक्षाको व्यवस्था मिलाउने, शिक्षणमा वालकेन्द्रित विधिको प्रयोग गराउने, नियमित गृहकार्यको व्यवस्था गर्ने साथै कार्यान्वयन भए नभएको अनुगमन गर्ने व्यवस्था मिलाउने, गरिब तथा जेहन्दार विद्यार्थीलाई छात्रवृतिको व्यवस्था मिलाउने, प्राथमिक तहमा अध्यापन गर्ने शिक्षकले अनिवार्य रुपमा सम्बन्धित विषयमा आई.एड. गरेको हुनु पर्ने उल्लेख गरेको पाइन्छ ।

पोडेल (२०६१ ) को शोधपत्रका अनुसार विद्यालय सामुदायिक संस्था भएकोले अभिभावकको संलग्नतामा आधारित व्यवस्थापन समिति निर्माण भई शैक्षिक, भौतिक र मानविय स्रोत साधनको अधिकतम प्रयोग र परिचालन गरी शैक्षिक उपलब्धि उच्च बनाउनु पर्ने, वि.व्य.स.का पदाधिकारीले शैक्षिक भन्दा प्रशासनिक र भौतिक निर्माणको पक्षमा मात्र जोड दिने गरेको, विद्यार्थीको शैक्षिक उपलब्धि उठाउन कसरी सकिन्छ भन्ने बारेमा त्यति ध्यान नदिईनुमा समितिमा रहेका मानिसहरुमा शैक्षिक ज्ञानको अभाव तथा उनिहरुका बालबालिका त्यस विद्यालयमा अध्ययन नगराउनु पनि हुने कुरा उल्लेख छ ।

वाग्ले (२०५८) का अनुसार प्रारम्भिक शिक्षाको परिचयको अनुसार पठनपाठन क्रियाकलाप परीक्षामूखी भएकाले गुणस्तर उठ्न नसकेको, पाठ्यक्रमको आधारमा प्रश्नपत्र नबनाईने, सामान्य ज्ञान भएमा पास भईने, आन्तरिक मूल्याङ्कनको व्यवस्था नभएको, शिक्षण सिकाइ सुधारका लागि परीक्षाफलको प्रयोग नगर्ने भएकाले विद्यार्थीको उपलब्धि स्तर ५० प्रतिशत भन्दा माथि जान नसकेको र नयाँभन्दा पुरानो पाठ्यक्रममा विद्यार्थीको उपलब्धि बढी हुनु, विद्यार्थी कण्ठ, घोक्ने र तथ्य ओकल्न बाहेक अरु काम गर्न नजान्नु जस्ता समस्या आउनुमा हाम्रो परीक्षा प्रणाली जिम्मेवारी छ भन्दै यसमा सुधारका लागि आन्तरीक मूल्याङ्कन प्रणालीलाई पुनर्जिवित गराई यसका माध्यमबाट प्राथमिक स्तरका तल्ला कक्षामा स्वतः कक्षा चढाउने प्रणालीको नीतिले मुर्तरुप लिन सक्ने उल्लेख गरेको पाईन्छ ।

नवौ योजना (२०५५) का अनुसार प्राथमिक शिक्षालाई गुणस्तरिय तथा अनिवार्य गर्ने कार्यक्रम बमोजिम प्राथमिक तहको पाठ्यक्रम आवश्यकता अनुसार नविकरण तथा परिमार्जन गरिने छ । विद्यार्थीहरुको निरन्तर मुल्याङ्कन गर्ने प्रणालीलाई क्रमश : लागु गर्दै लगिनेछ । त्यसका साथै उदार कक्षोन्नतिको प्रणाली प्रयोगात्मक रुपमा कार्यन्वयन गर्दै लगिनेछ भनेको पाइन्छ ।

कोइराला (२०५९) का अनुसार शैक्षिक व्यवस्थापन तथा संगठनात्मक व्यवहारका अनुसार शिक्षालयले निर्धनलाई प्रवेश दिएको छैन । कथित ज्ञान र सीपहिनलाई कक्षोन्नती गरको छैन ।भिन्न भाषा र संस्कृतीवालालाई अप्ठयारो पारिरहेको छ भन्दै शिक्षक तथा विद्यार्थीले समाजमा जे दखेको छ, विद्यालयमा पनि त्यहि गर्छ । माथिल्लो कक्षाको विद्यार्थी समाजमा माथिल्लो तप्काको प्रतिनिधी कहलिन्छ । यसरी समाजमा तह छन् स्कुलमा कक्षा छन् समाजले व्यक्तिलाई र शिक्षकले विद्यार्थीलाई कार्य गर्ने गराउने काम गर्छन । यस अर्थमा विद्यालयले सामाजिक न्याय दिन सकेको छैन । त्यस्ता कुराको विश्लेशण तथा छलफल हुनु पर्छ ।

कुँवर (२०६५) का अनुसार परीक्षा मूल्याङ्कनका विभिन्न साधनहरू मध्येको एउटा सधानमात्र हो । हाम्रो प्रचलित शिक्षण प्रक्रिया परीक्षामूखी छ । विद्यालयमा आज पनि परीक्षालाई विद्यार्थी मूल्याङ्कको निर्विकल्प साधनको रूपमा लिइन्छ । विद्यार्थीको मूल्याङ्कनको मूख्य उद्देश्य कक्षा चढाउनु मात्र नभएर पाठ्यक्रमले तयार पारेको न्यूनतम सिकाइ उपलब्धि हाासिल गराउनु साथै समग्र शैक्षिक प्रक्रियामा सुधारत्मक प्रक्रिया अपनाउनु हो । वर्तमान मूल्याङ्कन प्रणालीमा देखिएका कठिनाइहरूमा परीक्षालाई मात्र मूल्याङ्कनको साधनको रूपमा लिनु, पाठनपाठन त्रियाकलाप परीक्षामूखी हुनु, अवैज्ञानिक मूल्याङ्कन प्रणालीको प्रयोग हुनु, परीक्षाको विश्लेषण र प्रयोगको अभाव, मूल्याङ्कन सम्बन्धि वास्तविक ज्ञानको अभाव शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रूपमा मूल्याङ्कनलाई नलिनु, आन्तरिक मूल्याङ्कनको अभाव, प्रश्न निर्माण र परीक्षणमा ध्यान नदिनु, अभिभावकको चेतनाको कमी, आर्थिक असक्षमता जस्ता पक्षहरू निरन्तर मूल्याङ्कन प्रणाली भित्र पर्ने तथ्यलाई औंल्याएका छन् ।

खनाल (२०६६) का अनुसार परम्परागत गरिँदै आएको मूल्यांकनले विद्यार्थीको सर्वाङ्गीण पक्षको विकास नभएकोले निरन्तर मूल्यांकन प्रणाली लागू गरिँदैछ तर यसको कार्यान्वयनको क्रममा देखिएका समस्या र समाधानहरुमा केन्द्रित रही अध्ययन गरेको पाइयो । विद्यार्थी मूल्यांकनमा परीक्षा बाहेकका साधन प्रयोग नहुनु, विद्यार्थी शिक्षक अनुपात उपयुक्त नहुनु, तालिमका व्यवस्था कम हुनु, शैक्षिक वातावरण उचित नहुनुले कार्यान्वयनमा प्रभाव पारेको अध्ययनले देखाएको छ । यसको समाधानका लागि कार्य गर्दै संस्थागत र सामुदायिक दुवै विद्यालयमा समेत लागू गर्नुपर्ने सुझाव दिएका छन् ।

## २.२ सैद्धान्तिक खाका

यस अध्ययनमा प्राप्त हुने तथ्यांकहरुको विश्लेषण गर्न विभिन्न विद्वानहरुले दिएका सैद्धान्तिक खाकालाई आधार बनाई आ-आफ्नो विषय प्रति व्यक्त गरेका कुरालाई समावेश गरिएको छ ।

टेलर (१९११) का अनुसार विद्यार्थी मूल्यांकन परम्परागत लिखित परीक्षाका आधारमा मात्र हुन सक्दैन । क्रमशः सुधार गर्दै प्राप्त नतिजालाई वैज्ञानिकरुपमा विकास गर्दै लैजानुपर्छ । वैज्ञानिकताका आधारमा शिक्षण सिकाइ कार्य र विद्यार्थी मूल्यांकन प्रणलीलाई सँगै बढाउँदै उद्धार कक्षोन्नति गर्नका लागि टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्तलाई यस सोधको लागि महत्वपूर्ण मानिएको छ (शर्मा, २०५८ मा उद्धृत) ।

स्किनर (१९३०) का अनुसार कुनै पनि व्यवहार उत्तेजना र प्रतिक्रियाबाट प्रभावित हुन्छ। उनले क्रियापरक अनुसन्धान मुसा र परेवामाथि गरेका छन्।  यस सिद्धान्त अनुसार सिकारु तत्पर र निरन्तर अभ्यास गर्दछ भने सिकाइ प्रभावकारी रुपमा हुन्छ। विद्यार्थीको मूल्यांकनमा पनि यो सिद्धान्त लागू हुन्छ। मूल्यांकन पटक-पटक गरे विद्यार्थीले तत्काल सिकाइ क्रममा देखाउने प्रतिक्रियाको आधारमा हरेक क्रियाकलापको निरन्तर मूल्यांकन गर्दै जानुपर्दछ (शर्मा २०५८ मा उदृत)।

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी वनाउनका लागि पाठ्यक्रमले तेकेका क्रियाकलाप तथा शैक्षिक सूचकलाई अभ्यास गराउँदै निचोडमा पुग्नु पर्दछ। अभ्यासले मानिसलाई सिकाइ प्रति एक चित्त साथै उत्प्रेरित बनाउन मदत गर्ने हुँदा विद्यार्थी मूल्यांकनको क्रममा विद्यार्थीहरुलाई दैनिकरुपमा प्रत्यक्ष अप्रत्यक्ष तरिकाले सामेल गराउँदै उदारकक्षोन्नति गर्न सकिन्छ।

थर्नडाइक (१९१३) का अनुसार सिकाइ भनेको ठीक व्यवहारलाई लिने तथा गलत व्यवहारलाई त्याग्दै जानु हो। सिकारुले पनि सिक्ने क्रममा विभिन्न प्रयासहरु गर्दागर्दै  र प्रतिकृया देखाउँदा देखाउँदै सफलता प्राप्त गर्नु सही समाधान र निरन्तरको प्रयासले मात्र स्थायी रुप लिई सिकारु स्थायी तथा प्रभावकारी हुने कुरामा जोड दिइएको छ  (शर्मा, २०५८ मा उदृत)।

मास्लो (१९४३ ) को सिद्धान्त अनुसार नै पाठ्यक्रममा सिकाइ उपलब्धिलाई क्रमिक रुपमा संगठित गरिएको पाइन्छ। सिकाइ उपलब्धिहरु एक पछि अर्को गर्दै प्राप्त गर्न सकिने सिकाइ अनुभवहरुको संगठित गरिएको छ र वर्तमान प्राथमिक पाठ्यक्रमले विद्यार्थीको सिकाइ उपलब्धि प्राप्त भए नभएको क्रमैसँग निरन्तर मूल्यांकन गर्नुपर्ने व्यवस्था गरेको छ। एक चरणको उपलब्धि प्राप्त गरिसकेपछि मात्र अर्को चरणको सिकाइ  उपलब्धि प्राप्त गर्न आवश्यक शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्नु पर्ने व्यवस्था रहेको छ। साथै निश्चित सिकाइ उपलब्धि प्राप्त नभएकोमा सुधारात्मक शिक्षण गर्नुपर्ने व्यवस्था समेत गरेको छ। यसरी प्राथमिक तहमा निर्धारित सिकाइ उपलब्धिहरु उत्प्रेरणाको सिद्धान्त अनुसार नै   राखिएको पाइन्छ। साथै उनको सिद्धान्त अनुसार निरन्तर मूल्यांकन प्रणाली अन्तर्गत उदारकक्षोन्नतिमा विद्यार्थीहरुले क्रमशः एक पछि   अर्को गर्दै सिकाइ उपलब्धि प्राप्त गर्दै गए पछि मात्र कक्षा चढाउने व्यवस्था गरिएको छ (पौडेल, २०६३ मा उदृत)।

निरन्तर विद्यार्थी मूल्यांकन औपचारिकरुपमा गरिनु मूल्यांकन नभई अनौपचारिक रुपमा गरिने मूल्यांकन हो। यो मूल्यांकन प्रणालीमा लिखित परीक्षाभन्दा मूल्यांकनका अनौपचारिक साधनहरुको प्रयोग गरिन्छ र विद्यार्थीका कमीकमजोरीहरु पत्ता लगाई सुधारात्मक शिक्षण गर्नु

पर्दछ । रवर्ट ए स्टेक (१९९०) का अनुसार मूल्यांकन औपचारिक नहुने, पूर्णरुपमा गुणात्मक तथा मानव जातीय अध्ययन हुने, सरोकारवालाहरुबाट पृष्ठपोषण लिने, सहभागिताका विचार तथा अनुभवका आधारमा मूल्य पत्ता लगाउने, अनुभवहरुलाई संकलन गर्नु, अन्तरकृया गर्नु, तथ्यांक प्राप्त गर्नु, गुणस्तर जाँच गर्नु र श्रोताहरुका विभिन्न मूल्य सम्बन्धी अवधारणाहरुको मूल्यांकनले प्रश्तुत गर्नु पर्ने भनेका छन् (खनाल, २०६५ मा उदृत) ।

## २.३ पुनरावलोकनको उपादेयता


यस अध्ययन प्रश्ताव तयार पार्ने क्रममा प्रयोग गरिएका सैद्धान्तिक खाकाहरुले शोधपत्र तयार पार्ने क्रममा शैद्धान्तिक खाका कोर्ने सहयोग गर्दछ । यसै क्रममा विभिन्न लेख रचना साहित्यहरुको समेत समावेश गरिएको छ । जसले उदार कक्षोन्नतिको वर्तमान कार्यान्वयनको अवस्था, सिकाइ, उपलब्धिका उपायलाई अध्ययन गर्न केही दार्शनिक आधार प्रदान गर्दछ ।

त्यसै गरी शोध प्रश्ताव तयार गर्ने क्रममा शैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकनले अगाडिका लेख रचनाहरुमा के के तथ्यहरु छन तिनीहरुलाई कसरी छनौट गर्ने, उद्देश्य निर्माण, लेखन शैली लाई निश्चित बाटोतिर लैजान सहयोग गर्दछ । साथै शोधप्रश्ताव निर्माण गर्न सहज बनाउने कार्य गर्दछ ।

## २.४ अवधारणात्मक ढाँचा

अध्ययनलाई अनुसन्धानकर्ताले कसरी पूर्णता दिने सोच बनाएको छ सोही कुरालाई चित्रात्मक रुपमा उल्लेख गरिन्छ भने त्यसैलाई अवधारणात्मक ढाँचा भनिन्छ । यसमा विशेषत : अनुसन्धानका लागि छनौट गरिएका विविध चरहरूको सम्बन्धलाई चित्रात्मक रुपमा उल्लेख गरिन्छ, जसले सम्पूर्ण अनुसन्धान प्रक्रियालाई नै निर्देशित गर्दछ । यस ढाँचाले अनुसन्धान कर्ताले आफ्नो अध्ययनलाई कसरी अगाडि बढाउन चाहेको छ र अनुसन्धान प्रक्रियाबाट कस्तो नतिजा अपेक्षा गरेको छ सो कुरालाई प्रष्ट पार्दछ ।

## अवधारणात्मक ढाँचा




माथिको धारणाले उद्धारकक्षोन्नती कार्यान्वियनको अवस्थालाई कसरी प्रभावकारी बनाउन सकिन्छ [illegible] छ । विद्यालयमा यसको कार्य [illegible] उत्प्रेरणा सँगै शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका व्यक्तिहरुले सिकारुलाई क्रमिक रुपमा [illegible] सहयोग पुऱ्याउने छन् । जस [illegible] लाई सिकाइ [illegible] यापक, शिक्षक, अभिभावक [illegible] समितिले त्यसको क्रमिक रुपमा मुल्याङ्कन गर्दै आइरहेका हुन्छन् भन्ने आधारमा यो अनुसन्धान अघाडि [illegible]

# परिच्छेद तीन : अध्ययन विधि र प्रकृया

कुनै पनि अध्ययनलाई प्रभावकारी र सजिलो पार्नका लागि विभिन्न विधिहरु पूर्वनिर्धारित हुनुपर्दछ। त्यसैले यस अध्ययनमा निम्न विधिहरु समावेस गरिएको छ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

विषयको प्रकृति अनुसार अनुसन्धानको अध्ययनका ढाँचा पनि फरक फरक हुनेछ। यो अध्ययनमा गुणात्मक र परिमाणात्मक रुपमा व्याख्या तथा विश्लेषण गरिएको छ। प्राप्त तथ्यहरुबाट प्रकृति अनुसार गणितीय विश्लेषण गरिएको छ। त्यसैले यो अध्ययन मिश्रित प्रकृतिको हुनेछ।

## ३.२ जनसंख्या र नमूना आकार

यो अध्ययन मोरङ्ग जिल्लाको पथरी श्रोतकेन्द्रका ३ वटा सामुदायिक विद्यालयमा सीमित हुने हुँदा श्रोतकेन्द्रका श्रोतव्यक्ति , प्र.अ., शिक्षक तथा अध्ययनरत विद्यार्थी र अभिभावकहरुलाई सम्पूर्ण जनसंख्याका रुपमा लिइनेछ। यसैगरी नमूनाका आधारलाई निम्नानुसार प्रस्तुत गरिनेछ।

क) जनसंख्यामा पर्ने मोरङ्ग जिल्ला पथरी श्रोतकेन्द्रका विद्यालयहरुमध्ये ३ वटा सामुदायिक विद्यालयहरु छनौट गरिएको छ।

ख) छनौटमा परेका विद्यालयहरुमा अध्ययन गरी उदार कक्षोन्नतिलाई प्रयोग गरेका २-२ जना शिक्षक गरी ६ जना शिक्षकलाई छनौट गरिएको छ।

ग) छनौट गरिएका विद्यालयका २-२ जना विद्यार्थीलाई छनौट गरिएको छ।

घ) छनौटमा परेका विद्यालयका एक/एक जना प्र. अ. लाई छनौट गरिएको छ।

ङ) छनौटमा परेका विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकहरुमध्येबाट एक एक जना गरी तीन जनालाई छनौट गरिएको छ।

च) छनौटमा परेका क्षेत्रका श्रोतव्यक्ति र वि.नि. लाई समेत छनोट गरिएको छ।

### ३.२.१. नमूना छनौट विधि

यस सोधपत्र तयार गर्नका लागि निर्धारित जनसंख्याबाट विद्यालय छनौट गर्न स्तरीकृत नमूना छनौट विधि र शिक्षक, विद्यार्थी र अभिभावक छनौट गर्न उद्देश्यमूलक नमूना छनौट विधि

प्रयोग गरिएको छ । यसैगरी सम्बन्धित विद्यालयका प्र.अ., स्रोतकेन्द्रका स्रोतव्यक्ति र वि.नि. समेत सुचनाको आकार भित्र समेटिएका छन् ।

### ३.२.२. नमूना छनौटको आधार

प्राथमिक तहमा उद्दार कक्षोन्नति प्रयोगका लागि निरन्तर मूल्यांकन प्रकृया गरिने हुँदा यसको वर्तमान कार्यान्वयनको अवस्था विषयमा सूचना संकलन गरी अनुसन्धान गर्नका लागि अध्ययनकर्ता स्वयम स्थानीय ठाउँमा रहने साथै कार्य गर्ने भएकोले भौगोलिक सहज तथा संकलित सूचना विश्वसनीयता र वैधता, अर्थ र समयको मितव्ययिता पनि हुने भएकोले मोरङ्ग जिल्ला पथरी श्रोतकेन्द्रका ३ वटा विद्यालयहरु छनौट गरिनेछ ।

## ३.३ तथ्याङ्कको श्रोत

उद्दार कक्षोन्नतिको वर्तमान कार्यान्वयनको अवस्था सम्बन्धी मत अध्ययनमा तथ्याङकको स्रोतको रुपमा प्राथमिक र द्बितीय दुवै स्रोतहरुको प्रयोग गरिनेछ ।

### ३.३.१ प्राथमिक श्रोत

उद्दार कक्षोन्नति कार्यान्वयनको अवस्था पत्ता लगाउन छनौटमा परेका विद्यालय, विद्यार्थी, शिक्षक, प्र.अ., अभिभावक, श्रोतव्यक्ति र वि. नि. लाई उनीहरुसँगै आमने सामुने भएर प्रश्नावली, अन्तर्वार्ता, अवलोकन र छलफलबाट सूचना संकलन गरिनेछ ।

### ३.३.२ द्बितीय श्रोत

प्राथमिक श्रोतबाट मात्र पर्याप्त नहुने भएकोले दितीय श्रोतहरु विद्यालयको कार्यसंचीका फाइल, विद्यार्थी अभिलेख,परीक्षाफल फाइल साथै पत्रपत्रिका, विभिन्न किताबहरुको आधारमा सूचना संकलन गरिनेछ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधनहरु

यस अध्ययन सम्पन्न गर्न निम्न साधनहरुको निर्माणसँगै प्रयोग गरी तथ्यांक संकलन गरिएको छ ।

क. प्रश्नावली

उदारकक्षोन्नतिको अवधारण कार्यन्वयनको अवस्था, समस्या र समाधानको विषयमा तथ्यांक संकलन गर्न प्रश्नावली प्रयोग गरिएको छ। यस अध्ययनमा प्रअ, शिक्षक, श्रोतव्यक्ति र विनिका लागि प्रश्नावली प्रयोग गरिएको छ। यसको विवरण अनुसूची १, २ र ४ मा राखिएको छ।

ख. अन्तर्वार्ता निर्देशिका

उदारकक्षोन्नति सम्बन्धी विभिन्न कुराहरु जानकारी लिनका लागि विद्यार्थीलाई अन्तर्वार्ता निर्देशिका बनाई अन्तर्वार्ता लिई तथ्यांक संकलन गरिएको छ। यसको विवरण अनुसूची ५ मा राखिएको छ।

ग. लक्षित समूह छलफल

उदारकक्षोन्नति सम्बन्धी यस अध्ययनमा अभिभावकका लागि छलफल निर्देशिका तयार गरी अन्य सरोकारवालाहरुलाई समेत एकै ठाउँमा राखी सामुहिक छलफल गरिएको छ। यसको विवरण अनुसूची ३ मा राखिएको छ।

घ. अवलोकन फारम

विद्यालयले उदारकक्षोन्नति लागू गर्न प्रयोग गरेका फारमहरु, कार्यसंचयिका र विद्यार्थी मूल्यांकन सँगै अन्य अभिलेखबाट समेत तथ्यांकलाई संकलन गरिएको छ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

तथ्यांक संकलनका लागि अध्ययनकर्तालाई सजिलो बनाउन पथरी श्रोतकेन्द्रका तीनवट विद्यालयहरु छनौट गरिएको छ। उद्दार कक्षोन्नति कार्यान्वयनको अवस्थाको सूचना संकलन गर्न विद्यालय छानी उक्त विद्यालयका शिक्षक, अभिभावक, विद्यालय निरिक्षक, विद्यार्थी तथा श्रोतव्यक्तिलाई प्रश्नावली, अन्तर्वार्ता र सर्वेक्षण फारमबाट सूचना संकलन गरिएको छ।

## ३.६ तथ्यांक विश्लेषण विधि

यस अध्ययनमा उद्दार कक्षोन्नति कार्यान्वयनको अवस्थासँग सम्बन्धित रहेर संकलन गरिएका तथ्यांकलाई स्पष्ट बनाउन, अर्थपूर्ण, मिजासिलो, तथ्यांकको प्रकृति अनुसार मिलाउन साथै व्यवस्थितरुपमा राख्न तालिकासँगै वर्णनात्मकरुपमा तथ्याङ्क विश्लेषण गरिनेछ।

# परिच्छेद चार : छलफल र नतिजाको विश्लेषण

अनुसन्धान कार्यमा सूचनालाई व्यवस्थित, अर्थपूर्ण बनाउनलाई छलफल गरी नतिजाको आवश्यक पर्दछ । उदारकक्षोन्नतिको कार्यन्वयनको अवस्थाका सम्बन्नधमा तीनवटा विद्यालयको तथ्यांकमा आधारित भई प्राप्त सूचनालाई गुणात्मक तथा परिमाणात्मक शैलीमा छलफल गरी नतिजा निकालिएको छ । पथरी श्रोतकेन्द्रभित्र रहेका सामुदायिक विद्यालयमध्ये तीनवटा विद्यालयहरु छनोटमा परेका छन् । उक्त विद्यालयहरुबाट प्राप्त भएको तथ्यांकलाई प्रश्तावनामा उल्लेख गरिएका विभिन्न शीर्षक उपशीर्षकहरुमा छलफल गरी नतिजा निकालिएको छ ।

## ४.१ उदार कक्षोन्नति कार्यन्वयनको अवस्था

उदार कक्षोन्नतिको उद्देश्य विद्यार्थीलाई पाठयक्रमले निर्धारण गरेको सिकाइ उपलब्धी हासिल गराउनु हो । सिकाइ उपलब्धी हासिल गर्न बाँकी रहेका विषयवस्तुहरु निरन्तर मूल्यांकन विधिको प्रयोगबाट मात्र प्राप्त गर्न सकिन्छ । त्यसैले परिमार्जित पाठयक्रम २०५७ ले निरन्तर मूल्यांकन प्रणालीको आधारमा २०६५ साल सम्मा कक्षा तीन सम्मलागू हुने गरी उदारकक्षोन्नति नीति अगाडि बढाएको छ । यस अध्ययनका लागि पथरी श्रोत केन्द्र अन्तर्गतका विद्यालयहरुमध्ये छनौटमा परेका तीन वटा सामुदायिक विद्यालयहरुमा उदारकक्षोन्नति कार्यान्वयनको अवस्था पहिचान गर्न निम्न उपशीर्षकहरु राखी विश्लेषण गरिएको छ ।

### ४.१.१ निरन्तर मूल्यांकनको प्रयोगको अवस्था

पाठयक्रमले उदारकक्षोन्नतिमा निरन्तर मूल्यांकनका लागि विभिन्न मापदण्डहरु कक्षा सहभागिता, व्यवहार परिवर्तन, हाजिरी र सिर्जनात्मक कार्य तोकेको छ । यसरी पाठयक्रमले निर्धारण गरेका सिकाइ उपलब्धीहरु पूरा भए नभएको मूल्यांकन गर्दा निरन्तर मूल्यांकन प्रणाली अन्तर्गत रहेर गर्नुपर्ने प्राथमिक पाठयक्रममा उल्लेख गरिएको छ । अध्ययन क्षेत्रमा रहेका विद्यालयका शिक्षकहरुले निर्धारित मापदण्डलाई प्रयोग गरेको अवस्था निम्नानुसार छ :

तालिका १ : मापदण्ड प्रयोगको अवस्था

| क.सं | मापदण्ड | प्रयोग गर्ने शिक्षक | | प्रयोग नगर्ने शिक्षक | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| क. | कक्षा सहभागिता | ४ | ६६.६६ | २ | ३३.३३ |
| ख. | व्यवहार परिवर्तन | ४ | ६६.६६ | २ | ३३.३३ |
| ग. | हाजिरी | ५ | ८३.३३ | १ | १६.६६ |
| घ. | सिर्जनात्मक कार्य | ३ | ५० | ३ | ५० |

श्रोत: स्थलगत अध्ययन, २०७३

माथिका तालिकामा उदारकक्षोन्नतिका लागि निरन्तर मूल्यांकन प्रणालीले तोकेका मापदण्ड प्रयोग गर्ने शिक्षकहरुको संख्या सामान्य खालको पाइयो । कक्षा सहभागिता प्रयोग गर्ने शिक्षक ४ जना ( ६६.६६ प्रतिशत), प्रयोग नगर्ने शिक्षक २ जना (३३.३३प्रतिशत), देखिन्छ । त्यसैगरी व्यवहार परिवर्तनमा पनि प्रयोग गर्ने शिक्षक ४ जना ( ६६.६६ प्रतिशत), प्रयोग नगर्ने शिक्षक २ जना (३३.३३प्रतिशत), देखिन्छ । हाजिरी प्रयोग गर्ने शिक्षक ५ जना (८३.३३ प्रतिशत), प्रयोग नगर्ने शिक्षक १ जना (१६.६६ प्रतिशत) रहेको छ । त्यस्तै सिर्जनात्मक कार्यमा प्रयोग गर्ने शिक्षक र प्रयोग नगर्ने शिक्षक बराबर रहेको पाइयो । यसरी निरन्तर मूल्यांकन प्रयोग पूर्णरुपमा हुन नसक्दा प्रभावकारीरुपले उदारकक्षोन्नति कार्यान्वयन हुन नसक्ने देखिन्छ ।

### ४.१.२ व्यक्तिगत विवरण प्रयोगको अवस्था

विद्यार्थीको व्यक्तिगत विवरण प्रयोग गरेर पनि उदारकक्षोन्नति कार्यलाई थप मर्यादित पार्नलाई व्यक्तिगत विववरण प्रयोगको अवस्था तल निम्न अनुसार तालिकामा देखाउन सकिन्छ :

तालिका २ : व्यक्तिगत विरण प्रयोगको अवस्था

| क.स. | व्यक्तिगत विवरण | प्रयोग गर्ने शिक्षक | | प्रयोग नगर्ने शिक्षक | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| क. | सरसफाइ | १ | १६.३३ | ५ | ८३.६३ |
| ख. | गृहकार्य | ५ | ८३.६३ | १ | १६.३३ |
| ग. | शारीरिक अवस्था | २ | ३३.३३ | ४ | ६६.६६ |

श्रोत: स्थलगत अध्ययन, २०७३

माथिको तालिकामा व्यक्तिगत विवरण प्रयोगको अवस्था हेर्दा सरसफाइमा धेरै कम शिक्षकले ध्यान दिएको पाइयो । गृहकार्यमा पाँच जना (८३.६३ प्रतिशत) प्रयोग गर्ने शिक्षक, नगर्ने शिक्षक १ जना (१६.३३ प्रतिशत) रहेको पाइयो । त्यसै गरी शारीरिक अवस्था  दुई जना ( ३३.३३ प्रतिशत) प्रयोग गर्ने , नगर्ने शिक्षक चार जना (६६.६६ प्रतिशत) को विवरण पाइयो ।

### ४.१.३ कार्यसंचयिका प्रयोगको अवस्था

पाठयक्रम विकास केन्द्र (२०६७) ले विद्यार्थीको प्रगति विवरण राख्न हरेक कक्षाको विषयगत फाइल राखिनुका साथै छुट्टाछुट्टै व्यक्तिगत फाइल राख्न कार्यसंचयिका व्यवस्था गर्नुपर्ने उल्लेख गरेको छ । अध्ययनक्षेत्रका शिक्षकहरुले उदारकक्षोन्नतिका लागि कार्यसंचयिकाको प्रयोगको अवस्थालाई निम्न अनुसारको तालिकामा देखाउन सकिन्छ ।

तलिका ३ : कार्यसंचयिका प्रयोगको अवस्था

| क.स. | कार्यसंचयिका | संख्या | प्रतिशत |
|---|---|---|---|
| क. | प्रयोग गर्ने संख्या | ४ | ६६.६६ |
| ख. | प्रयोग नगर्ने संख्या | २ | ३३.३३ |
| जम्मा | | ६ | ९९.९९ |

श्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिकालाई हेर्दा अध्ययनक्षेत्रमा परेका विद्यालयहरुका सबै शिक्षकहरुले कार्यसंचयिका बनाई प्रयोग गरेको देखिँदैन । नमूना छनौटमा परेका ६ शिक्षकहरुमध्ये ४ जनाले ( ६६.६६ प्रतिशत) कार्यसंचयिकाको प्रयोग गरेको पाइयो भने २ जनाले (३३.३३ प्रतिशत) प्रयोग नगरेको पाइयो । प्रयोग गर्नेले पनि उपयुक्त तरिकाले कार्यसंचयिकाको निर्माण नगरेको पाइयो ।

### ४.१.४ कार्यसंचयिकामा समेटनुपर्ने पक्षहरु प्रयोगको अवस्था

प्राथमिक पाठयक्रम २०५७ ले कार्यसंचयिकामा विषयगत उपलब्धि, पारिवारिक विवरण, हाजिरी, विद्यार्थीको आर्थिक सामाजिक विवरण, अतिरिक्त क्रियाकलाप, व्यवहार परिवर्तन, कक्षाकार्य, सिर्जनात्मक कार्यजस्ता पक्षहरु समेटनुपर्ने उल्लेख छ । अध्ययनक्षेत्रभित्र नमूना छनौटमा परेका विद्यालयहरुमा निम्न अनुसार कार्यसंचयिकाको प्रयोग गरेको पाइयो ।

तालिका ४ : कार्यसंचयिकामा समेटनुपर्ने पक्षहरु प्रयोगको अवस्था

| क्त.स. | समेटनुपर्ने पक्षहरु | प्रयोग गर्ने शिक्षक | | प्रयोग नगर्ने शिक्षक | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| क. | विषयगत उपलब्धी | ६ | १०० | - | - |
| ख. | पारिवारिक विवरण | ३ | ५० | ३ | ५० |
| ग. | विद्यार्थी हाजिरी | ६ | १०० | - | - |
| घ. | अतिरिक्त क्रियाकलाप | ३ | ५० | ३ | ५० |
| ङ | व्यवहार परिवर्तन | ३ | ५० | ३ | ५० |
| च | कक्षाकार्य/ गृहकार्य | ३ | ५० | ३ | ५० |
| छ | सिर्जनात्मक कार्य | ३ | ५० | ३ | ५० |

श्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका विश्लेषण गर्दा कार्यसंचयिकामा समेटनुपर्ने विभिन्न पक्षहरुमा विषयगत उपलब्धि र हाजिरीलाई हेर्दा सबै शिक्षकहरुले प्रयोग गरेको पाइयो । पारिवारिक विवरण, व्यवहार परिवर्तन, कक्षाकार्य, अतिरिक्त क्रियाकलाप र सिर्जनात्मक कार्य प्रयोग गर्ने शिक्षकहरु ३ जना ( ५०प्रतिशत) पाइयो । नगर्ने पनि ३  जना (५०प्रतिशत) पाइयो । यसरी हेर्दा उदारकक्षोन्नतिको कार्यान्वयनको अवस्था मध्यम भएको भन्न सकिन्छ ।

### ४.१.५ उदारकक्षोन्नतिको मापदण्ड प्रयोगको अवस्था

निरन्तर मूल्यांकन प्रणाली अन्तर्गतको उदारकक्षोन्नति नीतिले विद्यार्थीलाई माथिल्लो कक्षामा उकास्न मुख्य ५ वटा मापदण्डहरु तय  गरेको छ । जसमा माथिल्लो कक्षामा जान उमेर पुगेको हुनुपर्ने, ज्यादै कमजोर विद्यार्थीलाई अभिभावकको परामर्समा कक्षा उकास्न सकिने, विद्यालयमा ७० प्रतिशत हाजिर पुगेको हुनुपर्ने, पहिलो त्रैमासिक परीक्षामा विशिष्ट क्षमता देखाउनेलाई कक्षा उकास्न सकिने,  दोश्रो तेश्रो परीक्षामा कक्षा उकास्न नहुने पर्दछन् । अध्ययनक्षेत्रका विद्यालयका शिक्षकहरुले कक्षा उकास्न मापदण्ड प्रयोग गर्ने अवस्थालाई निम्न तालिकामा देखाइएको छ ।

तालिका ५ : कक्षा उकास्ने मापदण्ड प्रयोगको अवस्था

| क्र.स. | मापदण्डहरु | प्रयोग गर्ने शिक्षक | | प्रयोग नगर्ने शिक्षक | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| क. | माथिल्लो कक्षामा जान उमेर पुगेको हुनुपर्ने | ५ | ८३.३३ | १ | १६.३३ |
| ख. | कमजोर विद्यार्थीलाई अभिभावक, विषयशिक्षकसँग परामर्स गरी कक्षा उकास्न सकिने | - | - | ६ | १०० |
| ग. | विद्यालयमा खुलेको ७० प्रतिशत हाजिरी हुनुपर्ने | २ | ३३.३३ | ४ | ६६.६६ |
| घ. | पहिलो परीक्षामा विशिष्ट क्षमता देखाउनेलाई कक्षा उकास्न सकिने | - | - | ६ | १०० |
| ङ. | दोश्रो  र तेश्रो परीक्षामा कक्षा उकास्न नहुने | - | - | ६ | १०० |

श्रोत: स्थलगत अध्ययन, २०७३

माथिको तालिकालाई हेर्दा ५ जना (८३.३३ प्रतिशत) शिक्षकले विद्यार्थीको उमेरलाई हेरेर कक्षा उकास्ने गरेको पाइयो । कमजोर विद्यार्थीलाई अभिभावक, विषय शिक्षकसँग छलफल गरी कक्षा उकास्ने शिक्षकहरु नरहेको  पाइयो । विद्यालय खुलेको ७० प्रतिशत हाजिरी भएको हुनुपर्ने मापदण्डलाई २ जनाले (३३.३३ प्रतिशत ) गरेको पाइयो र ४जनाले (६६.६६ प्रतिशत) प्रयोग नगरेको पाइयो । त्यसै गरी पहिलो परीक्षामा विशिष्ट क्षमता देखाउने विद्यार्थीहरुलाई कक्षा उकास्न सकिने मापदण्डलाई सबै शिक्षकहरुले प्रयोग नगरेको पाइयो । दोश्रो र तेश्रो परीक्षामा कक्षा उकास्न नहुने मापदण्ड पनि शत प्रतिशत प्रयोग नगरेको पाइयो । यस तथ्याङ्कबाट कक्षा उकास्ने मापदण्ड एउटा कार्यक्रम हो जसमा सबै विद्यार्थीहरुलाई कक्षा चढाउनु पर्दछ भन्ने बुझाइ शिक्षकहरुमा रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

उदारकक्षोन्नतिको कार्यन्वयनको अवस्थालाई विश्लेषण गर्दा कतिपय शिक्षकहरुलाई यस नीतिको मान्यताथाह नभएको पाइयो । कतिपय शिक्षकहरुले सरकारी नीति भएकाले अनुतिर्ण नबनाई कक्षा चढाउनुपर्ने धारणा समेत रहेको देखिन्छ ।

फुयल (२०६५) ले  वर्तमानमा रहेका आवधिक मूल्यांकन प्रणालीले विद्यार्थीको सबै पक्षको मूल्यांकन गर्न नसक्ने भएकोले निरन्तर मूल्यांकन प्रणाली अन्तर्गत उदारकक्षोन्नति नीतिलाई अँगाल्नुपर्दछ । कार्यन्वयनको क्रममा आउने धेरै समस्याहरुलाई समाधान गर्न प्रभावकारीरुपमा

शिक्षक तालिम, भौतिक श्रोतसाधन साधै नीरिक्षण र अनुगमनको व्यवस्था गर्नुपर्ने उल्लेख गरेका छन् । तसर्थ शिक्षकहरुमा तालिम र नियमितरुपमा अनुगमन मूल्यांकन गरिनुपर्ने निचोड निकाल्न सकिन्छ ।

### ४.१.६ सिकाइ उपलब्धिस्तर वृद्धि गर्न प्रयोग गरिएका उपायहरुको अवस्था

पाठयक्रमले उदारकक्षोन्नतिमा विद्यार्थीले प्रत्येक पाठबाट अपेक्षित सिकाइ उपलब्धि हासिल नगरेमा शिक्षकहरुले सुधारका विभिन्न उपायहरु अपनाएर विद्यार्थीको सिकाइ उपलब्धिस्तर वृद्धि गर्न सक्ने कुरा उल्लेख गरेको छ । यहाँ सिकाइ उपलब्धिस्तर वृद्दि गर्न अपनाइने उपायहरु प्रयोग अवस्थाको सम्बन्धमा अध्ययन क्षेत्रका विद्यालयका शिक्षकहरुको अवस्थालाई तल तालिकामा देखाइएको छ ।

तालिका ६ : सिकाइ उपलब्धिस्तर वृद्धि गर्न प्रयोग गरिएका उपायहरुको अवस्था

| क.सं. | सुधारका उपायहरु | प्रयोग गर्ने शिक्षक | | प्रयोग नगर्ने शिक्षक | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| क. | अभिवावकलाई ट्युशनको व्यवस्था गर्न लगाउने | ५ | ८३.३३ | १ | १६.३३ |
| ख. | शिक्षण विधिलाई परिवर्तन गर्ने | ४ | ६६.६६ | २ | ३३.३३ |
| ग. | कमजोर विद्यार्थीलाई बढी समय दिने | ५ | ८३.३३ | १ | १६.३३ |
| घ. | छुट्टै समयमा कमजोर विद्यार्थीलाई समय दिने | - | - | ६ | १०० |
| ङ. | विद्यार्थीहरुवीच छलफल गराउने | ४ | ६६.६६ | २ | ३३.३३ |

श्रोत: स्थलगत अध्ययन, २०७३

माथिको तालिकालाई हेर्दा विद्यार्थीहरुको सिकाइ उपलब्धिस्तर वृद्दि गर्न अपनाएका उपायहरुमा अभिभावकलाई ट्युशनको व्यवस्था गर्न लगाउने र कमजोर विद्यार्थीलाई बढी समय दिने शिक्षकको संख्या ५ जना (८३.३३ प्रतिशत) र नलगाउनेको संख्या १ जना (१६.३३ प्रतिशत) देखिन्छ । त्यसै गरी शिक्षण विधि परिवर्तन गर्ने र विद्यार्थीहरुवीच छलफल गराउने शिक्षकहरुको सख्या ४ जना ( ६६.६६ प्रतिशत) र नगर्नेको संख्या २ जना (३३.३३ प्रतिशत) देखिन्छ । त्यसै गरी छुट्टै समयमा कमजोर विद्यार्थीलाई अवसर दिने शिक्षकहरुको सख्या शुन्य देखिन्छ । यो उपाय प्रयोग नगर्ने शिक्षकहरुको संख्या ६ जना (१०० प्रतिशत ) देखिन्छ ।

## ४.२ उदारकक्षोन्नतिले  विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव

निरन्तर मूल्यांकनको माध्यमबाट गरिने उदारकक्षोन्नति नीतिले विद्यार्थीहरुको बुझाइको स्तरलाई मूल्यांकन गरी सुधारमुखी सिकाइमा जोड दिनुपर्ने कुरा बताएको छ । प्राथमिक तहमा विद्यार्थीको सिकाइ उपलब्धि वृद्दि गर्नका साथै गुणस्तर बढाउन विद्यार्थी उतीर्ण दर, कक्षा दोहोऱ्याउने दर, कक्षागत र विषयगत सिकाइ उपलब्धि जस्ता कुरालाई यस अध्ययन क्षेत्रमा रहेका विद्यालयहरुमा उदारकक्षोन्नतिले सिकाइ उपलब्धिमा पारेको प्रभावलाई निम्न उपशीर्षकहरु राखी अध्ययन गरिएको छ ।

### ४.२.१ विद्यार्थी उतीर्ण दर

उदारकक्षोन्नति नीति अनुसार कक्षाका सबै विद्यार्थीहरुलाई सिकाइ उपलब्धि हासिल गराएर मात्र कक्षा चढाउने गरिन्छ । कमजोर विद्यार्थीहरुलाई अभिभावकलाई ट्युशनको व्यवस्था गर्न लगाएर, शिक्षण विधि परिवर्तन गरेर कमजोर विद्यार्थीलाई वढी समय दिएर, छुट्टै समयमा कमजोर विद्यार्थीलाई समय दिएर, विद्यार्थीहरुवीच सामुहिक छलफल गर्ने गरेर माथिल्लो कक्षामा उतीर्ण गराउने प्रयत्न गरिन्छ । नमूना छनौटमा परेका विद्यालयका विद्यार्थीहरु परीक्षामा सामेल भएका मध्ये कति उतीर्ण भए भन्ने कुरा निम्न तालिकामा देखाइएको छ ।

तालिका ७ : विद्यार्थी उतीर्ण दर

| क.स. | शैक्षिक सत्र | परीक्षामा सम्मिलित विद्यार्थी संख्या | | | उतीर्ण विद्यार्थी संख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| क. | २०७१ | ८५ | ८० | १६५ | ८५ | ८० | १६५ | १०० |
| ख. | २०७२ | ८७ | ९४ | १८१ | ८७ | ९४ | १८१ | १०० |

श्रोतः फ्ल्यास एक, २०७१, २०७२

यसरी माथिको तालिकालाई विश्लेषण गर्दा २०७१ र २०७२ सालमा परीक्षामा सम्मिलित सबै विद्यार्थीहरु उतीर्ण भएका छन् । यसले उदारकक्षोन्नतिको कारण विद्यार्थीको उपलब्धि शत प्रतिशत  भएको देखिन्छ । शिक्षकहरुसँग छलफल गर्दा केहीले विद्यार्थीलाई अनुतीण बनाउन नहुने साथै केहीले विद्यार्थीलाई सिकाएर मात्र कक्षा उकास्न सकिने प्रतिक्रिया दिए । यसको आधारमा केही शिक्षकले उदारकक्षोन्नतिको मर्म नबुझेको र केही शिक्षकले बुझेको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.२ कक्षा दोहोऱ्याउने दर

प्राथमिक तहमा कक्षा १-३ सम्मको अवस्थालाई हेर्दा विद्यालयमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरु भनेको शैक्षिक क्षति हो । यसले शिक्षक, अभिभावक, विद्यार्थी र सरकारी लगानी तथा समयको दुरुपयोग भएको देखिन्छ । यसर्थ विद्यालयमा जति  सक्दो कक्षा दोहोऱ्याउने विद्यार्थी सँख्या कम गर्न सकिन्छ त्यति नै शैक्षिक क्षति पनि कम भएको मानिन्छ । यहाँ छनौटमा परेका विद्यालयहरुको कक्षा १-३ को विगत दुई वर्षको कक्षा दोहोऱ्याउने विद्यार्थीहरुको संख्यालाई तालिकामा देखाइएको छ ।

तालिका ८ : कक्षा दोहोऱ्याउने दर

| क.सं | शैक्षिक सत्र | विद्यार्थी भर्ना सँख्या | | | कक्षा दोहोऱ्याउने संख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| क. | २०७१ | ९१ | ८५ | १७६ | २ | १ | ३ | १.७० |
| ख. | २०७२ | ९२ | १०१ | १९३ | १ | १ | २ | १.०३ |

श्रोतः फ्ल्यास एक, २०७१, २०७२

मथिको  तालिकामा २०६८ सालमा १७६ जना विद्यार्थीहरु भर्ना भएकोमा ३ जना वा १.७० प्रतिशतले कक्षा दोहोऱ्याएका छन् । त्यसै गरी २०६९ सालमा १९३ जना विद्यार्थी भर्ना भएकोमा २ जना वा १.०३ प्रतिशतले कक्षा दोहोऱ्याएका छन । यसरी वर्षेनी कक्षा दोहोऱ्याउने प्रतिशत घटदै गएको देखिन्छ । जसले उदारकक्षोन्नतिले सिकाइ उपलब्धिमा उपयुक्त प्रभाव पारेको हो की भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.३ विद्यालयमा कक्षा छोडने दर

विद्यालयबाट विद्यार्थीहरुले कक्षा छाडनु भनेको पनि ठूलो शैक्षिक हानी हुनु हो । यहाँ नमूना छनौटमा परेका विद्यालयहरुको विगत दुई वर्षको कक्षा छाडने दरलाई निम्न तालिकामा देखाइएको छ ।

तालिका ९ : विद्यालयमा कक्षा छाडने दर

| क्र.सं | शैक्षिक सत्र | विद्यार्थी भर्ना | | | विद्यालय छाडने विद्यार्थी संख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| क. | २०७१ | ९१ | ८५ | १७६ | ५ | ६ | ११ | ६.२५ |
| ख. | २०७२ | ९२ | १०१ | १९३ | ७ | ५ | १२ | ६.२१ |

श्रोतः फ्ल्यास एक, २०७१, २०७२

माथिको तालिका अनुसार नमूना छनोटमा परेका विद्यालयमा २०६८ सालमा भर्ना भएका कूल १७६ जना विद्यार्थीहरुमध्ये ११ जना वा ६.२५ प्रतिशतले वीचमा कक्षा छोडेको देखिन्छ। त्यसै गरी २०६९ सालमा भर्ना भएका कूल १९३ जना विद्यार्थीहरुमध्ये १२ जना वा ६.२१ प्रतिशतले वीचमा कक्षा छोडेको देखिन्छ। यो २०६८ सालको तुलनामा ०.०४ प्रतिशतले कम भएको छ। यसको आधारमा निष्कर्ष निकाल्न सकिन्छ कि उदारकक्षोन्नतिले सिकाइ उपलब्धिमा केही प्रभाव पारेको मान्न सकिन्छ।

## ४.२.४ कक्षागत र विषयगत सिकाइ उपलब्धिको अवस्था

उदारकक्षोन्नति गर्न विद्यार्थीका कक्षागत र विषयगत उपलब्धिको तथ्यांकहरुको विश्लेषण गर्न आवश्यक छ। यसरी कक्षागत र विषयगत उपलब्धिलाई विश्लेषण गर्दा विद्यार्थीहरु कुन कक्षामा कुन विषयमा राम्रा छन्, कुन कुन विषयमा कुन कुन कक्षामा विद्यार्थीहरु कमजोर छन् , विद्यार्थीहरुको सबभन्दा  वढी र कम कुन विषयमा रुचि छ भन्ने कुरा थाह पाउन सकिन्छ। जसको सहयोगबाट शिक्षकले कुन विषयलाई कति जोड दिएर शिक्षण गर्नुपर्छ भन्ने कुराको अनुमान लगाउँदछन्। तसर्थ शिक्षकहरुलाई सही शिक्षण विधि प्रयोग गर्न सहयोग पुऱ्याउने कक्षागत र. विषयगत उपलब्धिलाई तलको तालिकामा  देखाइएको छ।

### क. कक्षागत र विषयगत सिकाइ उपलब्धि २०७१

यहाँ नमूना छनोटमा परेका तीन विद्यालयहरुको कक्षागत र विषयगत सिकाइ उपलब्धिलाई औसतमा निकाली देखाइएको छ।

तालिका १०: कक्षागत र विषयगत सिकाइ उपलब्धि, २०७१

| क.स. | विषय/कक्षा | कक्षा १ | कक्षा २ | कक्षा ३ | औसत सिकाइ उपलब्धि |
|---|---|---|---|---|---|
| क. | नेपाली | ५४.१४ | ५७.२३ | ५५.१७ | ५५.५१ |
| ख. | अंग्रेजी | ५१.१० | ४९.१९ | ५३.४७ | ५१.२५ |
| ग. | गणित | ५४.८७ | ५२.२० | ५१.५६ | ५२.८७ |
| घ | विज्ञान | ५२.३४ | ५२.३० | ५१.२१ | ५१.९५ |
| ङ. | सामाजिक | ५५.३९ | ५०.५१ | ५३ं१७ | ५३.०३ |
| | जम्मा | ५३.५६ | ५२.२८ | ५२.९१ | ५२.९३ |

श्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिकालाई विश्लेषण गर्दा कक्षागत र विषयगत सिकाइ उपलब्धि घटेको देखिन्छ। कक्षा १मा सिकाइ उपलब्धि औसतमा ५३.५६ रहेको छ। त्यस्तै कक्षा २ मा सिकाइ उपलब्धि औसतमा ५२.२८ देख्न सकिन्छ। यो कक्षा १ को भन्दा १.२८ ले कम हो। त्यसै गरी कक्षा ३ को सिकाइ उपलब्धि ५२.९१ देखिन्छ  जुन अगाडिको कक्षा २ कोभन्दा ०.६३ ले वढी हो। यसरी उदारकक्षोन्नति लागू भएका कक्षाहरुमा कक्षागत र विषयगत उपलब्धि औसतमा ५२/५३ हुनुलाई सामान्य मानिन्छ। यसका साथै सबै विषयगत उपलब्धिलाई हेर्दा सबैभन्दा राम्रो औसत प्राप्तांक नेपालीको ५५.५१, दोश्रो सामाजिकको ५३.०३, तोश्रो गणितको ५२.५७, चौथो विज्ञानको ५१.९१ र अन्त्यमा अंग्रेजी ५१.२५ देखिन्छ। यसकारण विद्यार्थीहरुको नेपालीमा वढी रुचि रहेको देखिन्छ। यस तथ्यांकलाई हेर्दा अंग्रेजी र विज्ञान विषयलाई वढी लक्षित गरी शिक्षण गर्नु पर्दछ।

ख. कक्षागत र विषयगत सिकाइ उपलब्धि २०७२

यहाँ नमूना छनोटमा परेका विद्यालयहरुको २०७२ सालको कक्षागत र विषयगत उपलब्धिलाई तल तालिकामा देखाइएको छ।

तालिका ११: कक्षागत र विषयगत सिकाइ उपलब्धि, २०७२

| क्र.स. | विषय/कक्षा | कक्षा १ | कक्षा २ | कक्षा ३ | औसत सिकाइ उपलब्धि |
|---|---|---|---|---|---|
| क. | नेपाली | ५५.१३ | ५४.८४ | ५३.८८ | ५४.६१ |
| ख. | अंग्रेजी | ४९.३४ | ५२.०२ | ५३.११ | ५१.४८ |
| ग. | गणित | ५२.२३ | ५३.३६ | ५२.३० | ५२.६३ |
| घ | विज्ञान | ५०.३० | ५१.६० | ५१.८० | ५१.२३ |
| ङ. | सामाजिक | ५३.२४ | ५१.१४ | ५३.३३ | ५२.२७ |
| | जम्मा | ५२.०५ | ५२.५९ | ५२.८७ | ५२.५० |

श्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिकालाई विश्लेषण गर्दा २०७१ सालकोभन्दा २०७२ सालको सिकाइ उपलब्धि कम गतिले घटेको नै छ। यहाँ कक्षा १ मा सिकाइ उपलब्धि औसतमा ५२.०५ रहेको छ जुन २०७१ सालकोभन्दा औसत १.५१ ले घटेको हो। कक्षा २ को सिकाइ उपलब्धि ५२.५९ रहेको छ , यो अघिल्लो सालकोभन्दा ०.३१ मात्र वढी हो र कक्षा ३ को औसत सिकाइ उपलब्धि ५२.८७ देखिन्छ जुन अघिल्लो सालको तुलनामा ०.०४ ले कमी हो। यसै गरी विषयगत उपलब्धिलाई विश्लेषण गर्दा सबैभन्दा राम्रो औसत नेपालीको ५४.६१, दोश्रो गणित ५२.६३, तेश्रो सामाजिक ५२.२७ , चौथो अंग्रेजीको ५१.४८ र अन्तिम विज्ञान ५१.२३ देखिन्छ। अघिल्लो वर्षको विषयगत औसत उपलब्धि ०.२३ ले बढेको देखिन्छ तर यो सन्तोषजनक भने छैन।

यसरी २०७१ र २०७२ सालको कक्षागत र विषयगत सिकाइ उपलब्धिलाई हेर्दा कक्षा बढदै जाँदा उपलब्धिस्तर घटदै गएको छ। यस परिणामले कक्षा १,२,३ मा लागू भएको उदारकक्षोन्नतिले सिकाइ उपलब्धिलाई प्रभाव पारेको मान्न सकिँदैन।

स्किनर (१९३०) का अनुसार कुनै कुरा सिक्नका लागि सिकारु तयार हुनुपर्दछ। जब सिकारु मानसिक र शारीरिकरुपमा कुनै पनि कुरा सिक्न तयार हुन्छ अनि मात्र सिकाइ प्रभावकारी हुन्छ। यसरी सिकारु सिक्नलाई तयारी भएपछि उसलाई उत्प्रेरणाको आवश्यकता पर्दछ। त्यसपछि अभ्यास गरिरहन्छ अनि सिकाइ प्रभावकारी बन्दछ। मूल्याकन गर्दा विद्यार्थीलाई सिक्नका लागि उत्प्रेरित गर्दै देखाएको व्यवहार परिवर्तनलाई मूल्यांकनको आधार मानिनुपर्दछ। मूल्यांकनलाई विभिन्न तरिकाले पटकपटक सिकाइ उपलब्धि प्राप्त नहुन्जेलसम्म निरन्तर मूल्यांकन गरिरहनु पर्दछ। शर्मा (२०६७) ले उदारकक्षोन्नतिले सबैलाई उत्साहित गर्छ तर यसलाई सावधानीपूर्वक प्रयोग गरिएन भने यसबाट आउने परिणमले ठूलो शैक्षिक क्षति पनि हुन सक्दछ। त्यसकारण उदारकक्षोन्नति भनिए ता पनि

विद्यार्थीहरुलाई सिक्नका निम्ति बारम्बार उत्प्रेरित गरिरहनु पर्दछ । यसरी माथिका तथ्यांकहरुमा सिकाइ उपलब्धि कक्षा माथि जाँदा घटदै जानुको पछाडि विद्यार्थीहरुमा सिक्नका निम्ति उत्प्रेरणा नदिएकोले गर्दा हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.५ सिकाइ उपलब्धिको तुलना

कक्षा गत र विषय गत सिकाई उपलब्धिको तुलना गर्दा २०७१ सालको भन्दा २०७२ सालमा केहि मात्रमा सिकाइ उपलब्धि घटेको पाईयो जसलाई तल तालिकामा देखाएर तुलना गरिएको छ ।

तालिका १२ः कक्षागत र विषयगत सिकाइ उपलब्धिको तुलना

| क्र. स. | विषय/ कक्षा | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | औसत सिकाइ उपलब्धि | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७१ | २०७२ | २०७१ | २०७२ | २०७१ | २०७२ | २०७१ | २०७२ |
| क. | नेपाली | ५४.१४ | ५५.१३ | ५७.२३ | ५४.८४ | ५५.१७ | ५३.८८ | ५५.५१ | ५४.६१ |
| ख. | अंग्रेजी | ५१.१० | ४९.३४ | ४९.१९ | ५२.०२ | ५३.४७ | ५३.११ | ५१.२५ | ५१.४८ |
| ग. | गणित | ५४.८७ | ५२.२३ | ५२.२० | ५३.३६ | ५१.५६ | ५२.३० | ५२.८७ | ५२.६३ |
| घ | विज्ञान | ५२.३४ | ५०.३० | ५२.३० | ५१.६० | ५१.२१ | ५१.८० | ५१.९५ | ५१.२३ |
| ङ. | सामाजिक | ५५.३९ | ५३.२४ | ५०.५१ | ५१.१४ | ५३.१७ | ५३.३३ | ५३.०३ | ५२.२७ |
| | जम्मा | ५३.५६ | ५२.०५ | ५२.२८ | ५२.५९ | ५२.९१ | ५२.८७ | ५२.९३ | ५२.५० |

श्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिकालाई विश्लेषण गर्दा २०७१ सालकोभन्दा २०७२ सालको सिकाइ उपलब्धि कम गतिले घटेको नै छ । यहाँ कक्षा १ मा सिकाइ उपलब्धि औसतमा ५२.०५ रहेको छ जुन २०७१ सालकोभन्दा औसत १.५१ ले घटेको हो । कक्षा २ को सिकाइ उपलब्धि ५२.५९ रहेको छ , यो अघिल्लो सालकोभन्दा ०.३१ मात्र वढी हो  र कक्षा ३ को औसत सिकाइ उपलब्धि ५२.८७ देखिन्छ जुन अघिल्लो सालको तुलनामा ०.०४ ले कमी हो । यसै गरी विषयगत उपलब्धिलाई विश्लेषण गर्दा सबैभन्दा राम्रो औसत नेपालीको ५४.६१, दोश्रो गणित ५२.६३, तेश्रो सामाजिक ५२.२७ , चौथो अंग्रेजीको ५१.४८ र अन्तिम विज्ञान ५१.२३ देखिन्छ । अघिल्लो वर्षको विषयगत औसत उपलब्धि ०.२३ ले बढेको देखिन्छ तर यो सन्तोषजनक भने छैन ।

यसरी २०७१ र २०७२ सालको कक्षागत र विषयगत सिकाइ उपलब्धिलाई हेर्दा कक्षा बढदै जाँदा उपलब्धिस्तर घटदै गएको छ ।

## ४.३ सिकाइ उपलब्धिका समस्याहरु

मानव जीवनमा शैक्षिक कार्यक्रममा महत्वपूर्ण लगानीभित्र विद्यार्थी हुन् । विद्यार्थीहरुको उमेर र स्तर अनुसार आवश्यक ज्ञान, सीप र धारणा के कति प्राप्त गरे वा गरेनन् भनेर विद्यार्थी मूल्यांकन गरिन्छ । विद्यार्थीले प्राप्त नगरेका कुराहरुमा उत्प्रेरणा र प्रोत्साहनका माध्यमले अगाडि बढन सहयोग गर्दै सिकाउनु पर्दछ । तसर्थ प्रभावकारी शिक्षणबाट क्रमिक रुपमा विद्यार्थीहरुको सबै पक्षको मूल्यांकन गरिनुपर्दछ भन्ने अवधारणाका साथ उदारकक्षोन्नति नीति आएको हो । यसरी उदारकक्षोन्नति नीति कार्यान्वयनको चरणमा सिकाइ उपलब्धिमा देखिएका समस्याहरुलाई विश्लेषण गर्न तल विभिन्न उपशीर्षकहरु राखी अध्ययन गरिएको छ ।

### ४.३.१ शिक्षक विद्यार्थी अनुपात

कुनै पनि एक जना शिक्षकले एउटा कक्षा कोठामा कति जना विद्यार्थीहरुलाई सामेल गरेर अध्ययन गराउँदा सिकाइ राम्रो, दीगो साथै स्थायी हुन्छ सोही अनुसार विद्यार्थी संख्या कक्षामा राखिनु पर्दछ । प्राथमिक तहमा विद्यार्थी अनुपात १:३० हुनुपर्दछ । सो अनुपातमा शिक्षक विद्यार्थी अनुपातलाई तलको तालिकामा देखाइएको छ ।

क) शिक्षक विद्यार्थी अनुपात २०७१

यहाँ नमुना छनोटमा परेको ३ वटा प्राथमिक विद्यालयहको शिक्षक विद्यार्थी अनुपात तल प्रस्तुत गरिएको छ :

तालिका १३ : शिक्षक विद्यार्थी अनुपात, २०७१

| क्र.स. | विद्यालय | शिक्षक संख्या | विद्यार्थी संख्या | अनुपात | कैफियत |
|---|---|---|---|---|---|
| क | सूर्यदय प्रा.वि. बयरवन-७ | ५ | ५९ | १:१२ | |
| ख | प्रगतिशिल प्रा.वि. वयरवन-७ | ५ | ५८ | १:१२ | |
| ग | कागेश्वरी प्रा.वि. वयरवन-६ | ५ | ५९ | १:१२ | |

स्रोत : फ्ल्यास एक, २०७३

माथिको तालिकामा नमूना छनोटमा परेका विद्यालयहरुमा १७६ जना विद्यार्थीहरु रहेका छन भने शिक्षकहरुको संख्या १५ रहेको छ । यस हिसाबले शिक्षक विद्यार्थी अनुपात १:१२ हुन आउँछ । यसरी शिक्षक विद्यार्थी अनुपात हुनु भनेको विद्यार्थी संख्या अत्यन्तै न्यून हुनु हो । यसको मुख्य कारण अभिभावकहरुले आफ्ना छोराछोरीहरुलाई कम्तीमा प्राथमिक तहसम्म नीजि बोडिङ स्कुलमा पढाउन चाहना साथै कम सन्तानको चाहना गर्नु हो । नमूना छनोटमा परेका विद्यालयहरुले प्रत्येक

शैक्षिक सत्र सुरु  गर्नुभन्दा अगाडि विद्यार्थीलाई आकर्षण गर्न भर्ना अभियान सन्चालन गरे ता पनि सफलता मिलेको पाइँदैन ।

तालिका १४ : शिक्षक विद्यार्थी अनुपात, २०७२

| क्र.स. | विद्यालय | शिक्षक संख्या | विद्यार्थी संख्या | अनुपात | कैफियत |
|---|---|---|---|---|---|
| क | सूर्यदय प्रा.वि. बयरवन-७ | ५ | ६९ | १:१४ | |
| ख | प्रगतिशिल प्रा.वि. वयरवन-७ | ५ | ६१ | १:१३ | |
| ग | कागेश्वरी प्रा.वि. वयरवन-६ | ५ | ६३ | १:१३ | |

स्रोत : फ्ल्यास एक, २०७२

यसरी माथिको तालिका हेर्दा सूर्यदय प्रा.वि.मा शिक्षक विद्यार्थी अनुपात सबैभन्दा बढी १:१४ रहेको पाइयो । त्यसैगरी प्रगतिशिल प्रा.वि. र कागेश्वरी प्रा.वि.मा शिक्षक विद्यार्थी अनुपात १:१३ रहेको पाइयो ।

## ४.३.२ कक्षाकोठामा विद्यार्थी संख्या

कक्षामा विद्यार्थीहरु कति कति छन त्यसको आधारमा शिक्षण सिकाइ उपलब्धि फरक पर्दछ । सामान्यतया कक्षाकोठामा धेरै विद्यार्थी भएमा शिक्षकले सबै विद्यार्थीमा नजर पुऱ्याउन नसक्ने भएकाले चाहे अनुसारको सिकाइ उपलब्धि नभएको हुन सक्छ । शिक्षक विद्यार्थी अनुपात ठीक भएमा सिकाइ उपलब्धि चाहे अनुसार प्राप्त हुन्छ । सामान्यतया एउटा कक्षामा ३० जना विद्यार्थी राख्नुपर्ने व्यवस्था छ ।  यहाँ नमूना छनोटमा परेका विद्यालयको कक्षागत विद्यार्थी संख्यालाई तलको तालिकामा देखाइएको छ ।

तालिका १५ : कक्षाकोठामा विद्यार्थी संख्या २०७१

| क्र.स. | विद्यालय | कक्षा १ | | | कक्षा २ | | | कक्षा ३ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| क. | सूर्योदय प्रा.वि. वयरवन-७ | ९ | १० | १९ | ९ | ९ | १८ | १० | १२ | २२ |
| ख. | प्रगतिशील प्रा.वि. वयरवन-७ | १० | ११ | २१ | ९ | १० | १९ | ८ | १० | १८ |
| ग. | कागेश्वरी प्रा.वि. वयरवन-६ | १० | ९ | १९ | १० | १० | २० | १० | १० | २० |
| . | जम्मा विद्यार्थी | २९ | ३० | ५९ | २८ | २९ | ५७ | २८ | ३२ | ६० |
| | औसत विद्यार्थी | ९.६६ | १० | १९.६६ | ९.३३ | ९.६६ | १९ | ९.३३ | १०.६६ | २० |

श्रोतः फ्ल्यास एक, २०७१

माथिको तालिका १३ लाई हेर्दा कक्षा १ मा औसत विद्यार्थी संख्या १९.६६ जना, कक्षा २ मा १९ जना र कक्षा ३ मा २० जना देखिन्छ ।

तालिका १६ : कक्षाकोठामा विद्यार्थी संख्या, २०७२

| क्र.स. | विद्यालय | कक्षा १ | | | कक्षा २ | | | कक्षा ३ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| क. | सूर्योदय प्रा.वि. वयरवन-७ | १० | १२ | २२ | १० | १४ | २४ | १२ | ११ | २३ |
| ख. | प्रगतिशील प्रा.वि. वयरवन-७ | ९ | १२ | २१ | १० | १० | २० | १२ | ८ | २० |
| ग. | कागेश्वरी प्रा.वि. वयरवन-६ | १० | १० | २० | ९ | १२ | २१ | १० | १२ | २२ |
| | जम्मा विद्यार्थी | २९ | ३४ | ६३ | २९ | ३६ | ६५ | ३४ | ३१ | ६५ |
| | औसत विद्यार्थी | ९.६६ | ११.३३ | २१ | ९.६६ | १२ | २१.६६ | ११.३३ | १०.३३ | २१.६६ |

श्रोतः फ्ल्यास एक, २०७२

तालिका १४ मा  सबैभन्दा वढी विद्यार्थी संख्या श्री सूर्योदय प्रा.वि. वयरवन-७ मा र सबैभन्दा कम विद्यार्थी संख्या श्री कागेश्वरी प्रा.वि. वयरवन-६ मा छन् । तालिकामा कक्षा १ को औसत विद्यार्थी संख्या २१ जना , कक्षा २ को विद्यार्थी संख्या २१.६६ जना, कक्षा ३ को विद्यार्थी

संख्या कक्षा २ सँग वराबर देखिन्छ। यसको आधारमा २०७२ सालमा छनोटमा परेका ३ विद्यालयका कक्षा कोठामा विद्यार्थी संख्या औसत २१.६६ जना देखिन्छ।

मथिको तालिकाको आधारमा २०७१/०७२ सालमा विद्यालयहरुका कक्षाकोठामा विद्यार्थी संख्या १९/२० जना रहेको छ। यसलाई कम नै मानिन्छ। पाविके २०६५ ले उल्लेख गरे अनुसार पनि यो संख्या कम हो। कक्षाकोठामा कम विद्यार्थी भए सबैलाई ख्याल गर्न सकिन्छ भन्ने मान्यता राखिन्छ तर यहाँ त्यसको ठीक विपरीत भएको छ। विद्यार्थी संख्या कम भए पनि सिकाइ उपलब्धि सन्तोसजनक पाइएको छैन। यस अर्थमा छनौटमा परेका ३ विद्यालयहरुमा विद्यार्थी संख्या बढी भएमा सिकाइ उपलब्धि कम हुन्छ भन्ने मान्यतासँग सहमत हुन सकिँदैन।

### ४.३.३ शिक्षकको तालिम

कुनै पनि कार्यलाई प्रभावकारीरुपमा सन्चालन गर्नका लागि दक्ष जनशक्तिको आवश्यकता पर्दछ। शिक्षण कार्य पनि एउटा कला हो। शिक्षकले विषयवस्तुलाई कलात्मक तरिकाले प्रश्तुत गरेमा सिकारुले सिकाइ उपलब्धि हासिल गर्दछ। यस्तो कला तालिमप्राप्त शिक्षकसँग वढी हुने भएकाले तालिमप्राप्त शिक्षकले विद्यार्थीको रुचि, इच्छा, चाहना, योग्यताका साथै मनोविज्ञानलाई बुझेर शिक्षण गर्दछ। यहाँ नमूना छनोटमा परेका विद्यालयहरुका तालिम प्राप्त र अप्राप्त शिक्षकहरुको विवरणलाई तलको तालिकामा देखाइएको छ।

तालिका १७ : प्रावि तहका शिक्षक र तालिम

| क.स. | विद्यालयहरु | संख्या | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|
| | | तलिम प्राप्त | तलिम अप्राप्त | जम्मा | तलिम प्राप्त | तलिम अप्राप्त | जम्मा |
| क. | सूर्योदय प्रा.वि.वयरवन-७ | ४ | १ | ५ | ८० | २० | १०० |
| ख. | प्रगतिशील प्रा.वि. वयरवन-७ | ५ | - | ५ | १०० | - | १०० |
| ग. | श्री कागेश्वरी प्रा.वि. वयरवन-६ | ५ | - | ५ | १०० | - | १०० |
| . | जम्मा | १४ | १ | १५ | ९३.३३ | ६.६६ | १०० |

श्रोत: फ्ल्यास एक, २०७२

माथिको तालिकामा नमूना छनोटमा परेका विद्यालयका १५ जना शिक्षकहरुमध्ये १४ जना वा ९३.३३ प्रतिशत तालिमप्राप्त १ जना वा ६.६६ प्रतिशत तालिम अप्राप्त देखिन्छ। यी विद्यालयहरुमा तालिमप्राप्त शिक्षकहरुमध्ये अस्थायी र स्थायीले तालिम लिएको र अस्थायी करारले

तालिम लिने अवसर नभएको पाइयो । तालिम प्राप्त शिक्षकहरु भए पनि कक्षागत र विषयगत उपलव्धिस्तर औसतमा ५० देखि ५५ मात्र हुनुले लिएको तालिमलाई व्यवहारमा उपयुक्त प्रयोग नगरेको निस्कर्ष निकाल्न सकिन्छ ।

### ४.३.४ विद्यालय र अभिभावकवीचको सम्बन्ध

अभिभावक भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका मुख्य मानिस भनी अभिलेखमा जनाएको व्यात्ति हो । त्यसैले यी दुवैवीचमा राम्रो सम्बन्ध हुनु पर्छ । अभिभावकले विद्यार्थीलाई राम्रो ज्ञान,सीप तथा धारण विकास गर्न विद्यालय पठाएका हुन्छन् । त्यसैले विद्यार्थीको प्रगति र उन्नतिको विवरण समय समयमा उपलब्ध गराइरहनु पर्दछ । यसै सन्दर्भमा नमूना छनोटमा परेका विद्यालयका विद्यार्थीहरुको गृहकार्य, अनुशासन, मानवीय व्यवहारसम्बन्धी जानकारी लिन्छन कि लिँदैनन् भनी अभिभावकमा गरिएको छलफलमा निम्न प्रतिकृया पाइयो ।

तालिका १८ : विद्यार्थीका सामाजिक व्यवहारसम्बन्धी विवरण

| क्र.स. | प्रतिकृया | अभिभावक संख्या | प्रतिशत |
|---|---|---|---|
| क. | लिन्छन् | १ | ३३.३३ |
| ख. | लिँदैनन | १ | ३३.३३ |
| ग. | कहिलेकाही मात्र | १ | ३३.३३ |
| जम्मा | | ३ | ९९.९९ |

श्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिकामा विद्यालयको प्रगति विवरणको सूचना सम्बन्धमा प्रतिकृया दिने अभिभावकहरुमध्ये सूचना लिने सामाजिक व्यवहारको विवरण लिन्छन भन्ने अभिभावक १ जना वा ३३.३३ प्रतिशत रहेको छ । त्यसै गरी गराउँदैनन् भन्ने अभिभावक १ जना वा ३३.३३ प्रतिशत रहेको पाइयो भने कहिलेकाही मात्र भन्ने अभिभावक पनि १ जना वा ३३.३३ प्रतिशत नै  रहेको पाइयो । यसले विद्यालय र अभिभावकवीचको प्रगतिको सूचना लिने, नलिने र कहिलेकाहीँ भन्ने सबै १ जना वा ३३.३३ प्रतिशत बराबर भएको देखिन्छ । त्सैले विद्यार्थीका सामाजिक व्यवहारसम्बन्धी विववरणको अवस्था सामान्य भएको मान्न सकिन्छ ।

### ४.३.५ उदारकक्षोन्नति अनुगमनको अवस्था

सिकाइ उपलब्धिको समस्याहरुमध्ये अनुगमन पनि एक महत्वपूर्ण पक्षभित्र पर्दछ । कुनै पनि कार्यक्रमलाई प्रभावकारीरुपमा अगाडि बढाउन त्यसको समय समयमा नीरिक्षण गरिनु पर्दछ । त्यो नै अनुगमन हो । अनुगमनले कार्यान्वयनका क्रममा रहेका कार्यक्रमको प्रगति, कमजोरी आदिलाई हटाउन मार्गदर्शन गर्दछ । त्यसकारण शैक्षिक क्षेत्रको मूल्यांकनले मात्र सिकाइ उपलब्धिमा प्रभाव पार्दछ ।

यसरी नमूना छनोटमा परेका विद्यालयका प्रअ र शिक्षककहरुसँग अनुगमनका बारेका कुरा गर्दा श्रोत व्यक्ति र विनि विद्यालय अनुगमनमा आउने गरेको भएता पनि उदारकक्षोन्नतिलाई त्यति ध्यान नदिएको भन्ने प्रतिकृया पाइयो । निरन्तर मूल्याँकन शिक्षक निर्देशिका २०५६ मा १० प्रतिशत कार्यसञ्चिकाको अनुगमन गर्नुपर्ने भए पनि अहिलेसम्म त्यस्तो नभएको बताए । श्रोतव्यक्ति र विनिले पनि उपयुक्त सल्लाह नदिएको गुनासो पोखे । यसरी उदारकक्षोन्नतिको उचित प्रयोग नभएर सिकाइ उपलब्धि कमजोर रहेको निस्कर्ष निकाल्न सकिन्छ ।

### ४.३.६ कक्षाकोठामा वातावरणको अवस्था

कुनै पनि कार्यक्रमलाई सफल पार्न भौतिक तथा मानसिक वातावरण उपयुक्त हुनुपर्दछ । उदारकक्षोन्नति नीति अन्तर्गत विद्यालयका कक्षाकोठामा फर्निचर, कालोपाटी, हावा तथा प्रकाश आउने जाने स्थान, शैक्षिक सामाग्री आदि जस्ता कुरामा छलफल गर्दा सामान्य अवस्था रहे पनि कतिपय शिक्षकले त्यसलाई सही सदुपयोग नगरेको पाइयो । त्यसैले उदारकक्षोन्नति नीतिको अवस्था त्यति प्रभावकारीरुपमा नरहेको निस्कर्ष निकाल्न सकिन्छ ।

### ४.३.७ उदारकक्षोन्नति नीतिम शिक्षकका समस्याहरु

निरन्तर मूल्यांकन प्रणाली अनुसार आएको उदारकक्षोन्नति नीतिको मुख्य आधार कार्यसंचयिका हो । जसमा विद्यालयहरुको आर्थिक, सामाजिक, पारिवारिक, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, हाजिर आदि कुराहरु समेटिएका हुन्छन । कार्यसंचयिका दक्ष शिक्षकले मात्र तयार र प्रयोग उपयुक्त ढंगले गर्न सक्छन । जसमा साह्रै अप्ठ्यारो भएको प्रतिकृया शिक्षकहरुले दिए ।

त्यसै गरी उदारकक्षोन्नतिको सम्बन्धमा प्रअहरुले यो नीति आफैँमा राम्रो भएता पनि कार्यन्वयन गर्न गाह्रो, लगातार मूल्यांकन हुने हुनाले शिक्षकलाई बोझ, तल्लो कक्षामा सिक्न बाँकी रहेका कुराहरु माथिल्लो कक्षामा सिकाउन झञ्झट, कार्यसंचयिका निर्माण र प्रयोगमा समस्या रहेको बताए ।

मास्लो (१९४३) का अनुसार जसरी कामदारलाई  राम्रो र प्रभावकारी काम गर्नका लागि वारम्बार उत्प्रेरणा दिइरहनु पर्दछ , त्यसरी नै शिक्षकहरुलाई पनि बारम्बार तालिम, निर्देशन, परामर्स र मार्गदर्शन दिँदै प्रेरित गर्नुपर्दछ । यसरी एउटा तालिम सकिएपछि अर्को तालिम आवश्यकता अनुसार दिनुपर्छ । यसरी शिक्षकले आवश्यकता अनुसार समय समयमा स्तर स्तरका तालिमहरु प्राप्त गर्दै कक्षाकोठामा पनि प्रयोग गरिनुपर्दछ । भट्टराई (२०६५) ले उदारकक्षोन्नति व्यवस्थाको सम्बन्धमा अभिभावकहरु अज्ञान रहेको, शिक्षकहरु पनि पूर्णरुपमा जानकार नभएकोले उनीहरुलाई तालिमको कमी भएको, तालिम भए पनि व्यवहारमा प्रयोग नगरेकाले यसको कार्यान्वयनमा समस्या देखिएको वताउँदै समस्यालाई घटाउन शिक्षकहरुलाई तालिम दिनुपर्ने, अभिभावकलाई चेतनामूलक कार्यक्रममा सहभागी गराउनुपर्ने र यी समस्याहरु समाधानका लागि सम्बन्धित निकायबाट पहल गर्नुपर्ने कुरा  औँल्याएका छन । यसर्थ शिक्षकले तालिमबाट प्राप्त सीप शिक्षण सिकाइमा प्रयोग गरिरहेका छन कि छैनन् नियमितरुपमा अनुगमन गरिरहनु पर्दछ ।

## ४.४ उदारकक्षोन्नतिका सिकाइ उपलब्धिमा देखिएका समस्या समाधानका उपायहरु

निरन्तर मूल्यांकन अन्तर्गत पर्ने उदारकक्षोन्नति कार्यन्वयन गर्न विभिन्न समस्याहरु  रहेको कुरा अध्ययनले देखाएको छ । उदारकक्षोन्नति कार्यक्रम राम्रो भएता पनि कार्यन्वयनमा समस्याहरु उत्पन्न भएका छन् । यसर्थ देखिएका समस्याहरुलाई निराकरणका लागि प्रअ , शिक्षक, अभिभावक साथै श्रोतव्यक्ति र विनिले दिएका सुझावहरु निम्न अनुसार छन् :

### ४.४.१ विद्यालय र अभिभावक विचको सम्बन्धमा सुधार गर्नु पर्ने

निरन्तर मूल्यांकनद्वारा उदारकक्षोन्नति नीति कार्यान्वयन गर्दा विविध समस्याहरु देखिएकोलाई  स्वीकार गर्दै श्रोतव्यक्ति र विनिबाट यी समस्यालाई हल गर्न प्रअले नियमितरुपमा विचार गर्नुपर्ने, शिक्षकको शिक्षण घण्टी कम गर्नुपर्ने, उदारकक्षोन्नतिका सम्बन्धमा अभिभावकलाई ज्ञान दिनुपर्ने, स्थानीयस्तरका शैक्षिक सामाग्री निर्माणसँगै उचित प्रयोगमा जोड, परीक्षा वाहेकका मूल्यांकनका साधनहरु र निरन्तर मूल्यांकनको अवधारणा शिक्षकहरुलाई शैक्षिक सत्र सुरु हुँदा नै दिनु पर्नेजस्ता उपायहरुलाई प्रयोग गर्न सकेमा सिकाइ उपलब्धि वृद्दि हुने सुझाव दिए ।

### ४.४.२ उद्धारकक्षोन्नतीको अनुगमन तथा विद्यालयको वातावरणको व्यवस्थापन गर्नु पर्ने

उदारकक्षोन्नतिको वर्तमान अवस्थालाई मुख्य कुरा बनाएर गरिएको यस अध्ययनलाई नमूना छनोटमा परेका ३ विद्यालयका प्रअहरुले शिक्षकलाई आवश्यकता अनुसार तालिम दिनु पर्ने,

शिक्षकलाई सक्रिय बनाउन गोष्ठीहरु गर्नु पर्ने, उदारकक्षोन्नतिको कार्यान्वयनको अवस्थालाई श्रोतव्यक्ति तथा विनि साथै सम्बन्धित निकायले अनुगमन तथा नीरिक्षणलाई प्रभावकारी पार्नुपर्ने, उदारकक्षोन्नति नीतिका बारेमा अभिभावकलाई चेतना जगाउनु पर्ने, विद्यालय परिवारले फेल भइँदैन भन्ने भावना त्याग गर्नु पर्ने र विद्यार्थीको प्रगति अंकमा मात्र नदेखिने हुनाले सरोकारवालाहरुले शिक्षकहरुलाई  जवाफदेही बनाउनुपर्ने, विद्यालयका भौतिक एवं व्यवस्थापन पक्षलाई सबैले मजुद बनाउनु पर्ने सुझाव दिएका छन् ।

### ४.४.३ शिक्षक तालिमको व्यवस्था गर्नु पर्ने

उदारकक्षोन्नति नीतिलाई कार्यान्वयन गर्ने प्रमुख व्यक्ति नै शिक्षकहरु हुन् । शिक्षकले नीतिलाई सहज ढंगले कार्यान्वयन गर्न नसकेकाले नै अपेक्षा गरे अनुसार सिकाइ उपलब्धि नभएको कुरा अध्ययनबाट देखिएको छ । नमूना छनोटमा परेका विद्यालयका शिक्षकहरुले दिएका सुझावहरु प्रअका सुझावसँग समानजस्ता देखिए जसमा शिक्षकलाई तालिम दिनु पर्ने, अनुगमनलाई प्रभावकारी पार्नु पर्ने, स्थानीय स्तरका शैंक्षिक सामाग्री निर्माण र प्रयोग गर्नु पर्ने, निरन्तर मूल्यांकन प्रणाली प्रयोग गर्नु पर्ने, उदारकक्षोन्नति नीतिका वारेमा विद्यालय परिवारवीच छलफल र  अन्तरक्रिया गर्नु पर्ने कुराहरु वताएका छन् ।

### ४.४.४ निरन्तर सिकाइ अवसरसँगै पृष्ठपोषण प्रदान गर्नु पर्ने

निरन्तर मूल्यांकनको माध्यमबाट उदारकक्षोन्नति नीतिको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धिको आधारमा आवश्यकता अनुसार निरन्तर सिकाइ अवसर प्रदान गरी विद्यार्थीहरुको सिकाइस्तर सुधार गर्नु हो । नमूना छनोटमा परेका विद्यालयका धेरै अभिभावकहरु उदारकक्षोन्नति नीतिमा अज्ञान रहेको पाइयो । शिक्षकहरुले समयमा नै अभिभावकलाई जानकारी छलफल गर्नु पर्ने, मूल्यांकनमा विश्लेषण गरी कुन विषयमा कक्षामा  औसत सिकाइ उपलब्धि कम छ, विद्यालय परिवारवीच छलफल गरिएमा उदारकक्षोन्नति कार्यन्वयनमा सहज भई सिकाइ उपलब्धि प्रभावकारी हुन्छ  भन्ने प्रतिकृया अभिभावक वर्गको थियो ।

## ४.५ प्राप्ति

शैक्षिक क्षेत्रमा गुणस्तर वृद्दि गर्न मूल्यांकन प्रणालीले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । राष्ट्रले प्राथमिक शिक्षामा गरेको लगानी अनुरुपको प्रतिफल पाउन नसक्नुको कारण गरिने मूल्यांकन प्रणालीलाई मानेको छ । कक्षा १ देखि ३ सम्म निरन्तर मूल्यांकनबाट उदाकक्षोन्नति नीति २०६३ बाट नै लागू भइसकेको छ । निरन्तर मूल्यांकनबाट विद्यार्थीको उपलब्धिलाई  लेखाजोखा गर्ने

र  उदारकक्षोन्नति गरी सिकाइ उपलब्धि वृद्दि गर्ने, कक्षा छाडने  दोहोऱ्याउने जस्ता शैक्षिक क्षतिहरुलाई कम गर्ने उदेश्यले उदाकक्षोन्नति नीति आएको हो । यसै सन्दर्भमा प्राथमिक तहमा उदारकक्षोन्नति कार्यन्वयनको अवस्था भन्ने शीर्षकमा अध्ययन गरी यस शोधपत्रले निम्न प्राप्तीहरु ल्याएको छ ।

यस अध्ययनमा निरन्तर मूल्यांकनको अवस्थामा ६ जना शिक्षकहरुमध्ये कक्षा सहभागितालाई प्रयोग गर्ने ४ जना (६६.६६ प्रतिशत), नगर्ने २ जना (३३.३३ प्रतिशत), व्यवहार परिवर्तनमा ४ जना (६६.६६ प्रतिशत) प्रयोग गर्ने, नगर्ने २ जना (३३.३३ प्रतिशत), हाजिरी प्रयोग गर्ने ५ जना (८३.३३ प्रतिशत), नगर्ने १ जना (१६.६६ प्रतिशत), सिर्जनात्मक कार्यलाई प्रयोग गर्ने ३ जना (५० प्रतिशत), नगर्ने ३ जना (५० प्रतिशत) भेटियो । व्यक्तिगत विवरणको प्रयोगको अवस्थामध्ये सरसफाइ प्रयोग गर्ने शिक्षक १ जना (१६.३३ प्रतिशत),नगर्ने ५ जना (८३.६६ प्रतिशत), गृहकार्य गर्ने ५ जना ( ८३.६६ प्रतिशत), नगर्ने १ जना (१६.३३ प्रतिशत), शारीरिक अवस्था प्रयाग गर्ने २ जना (३३.३३ प्रतिशत), नगर्ने ४ जना (६६.६६ प्रतिशत) भेटियो ।

अध्ययनक्षेत्रका नमूना छनोटमा परेका ३ विद्यालयहरुका शिक्षकहरुको कार्यसंचयिका प्रयोगको अवस्था हेर्दा प्रयोग गर्ने सख्या ४ जना (६६.६६ प्रतिशत), नगर्ने २ जना (३३.३३ प्रतिशत) भेटियो । त्यसै गरी कार्यसंचयिकामा समेटनु पर्ने पक्षहरु प्रयोगको अवस्थालाई हेर्दा विषयगत उपलब्धि ६ जना (१०० प्रतिशत) ले गरेको, पारिवारिक विवरण, विद्यार्थी हाजिरी, अतिरिक्त कृयाकलाप, व्यवहार परिवर्तन, कक्षाकार्य र सिर्जनात्मक कार्यमा ३ जना (५० प्रतिशत) गर्ने र नगर्ने ३ जना (५० प्रतिशत) भएको भेटियो ।

शिक्षकहरुले उदारकक्षोन्नति गर्दा कक्षा उकास्ने मापदण्डहरुमा ६ जना शिक्षकहरुमध्ये ५ जनाले (८३.६६ प्रतिशत) विद्यार्थीको  उमेरलाई हेरेर कक्षा उकास्ने गरेको, १ जनाले (१६.३३ प्रतिशत) उमेरलाई ख्याल नगरेको, विद्यार्थी अभिभावक र विषय  शिक्षकसँग परामर्स नगर्ने ६ जना (१०० प्रतिशत), ७० प्रतिशत हाजिरी भएको हुनु पर्ने मापदण्डलाई २ जना (३३.३३ प्रतिशत) ले प्रयोग गरेको, ४ जनाले (६६.६६ प्रतिशत) प्रयोग नगरेको, पहिलो त्रैमासिकमा विशिष्ट क्षमता देखाउने विद्यार्थीलाई कक्षा उकास्न सकिने मापदण्डलाई कसैले पनि प्रयोग नगरेको, दोश्रो र तेश्रो त्रैमासिकमा कक्षा उकास्न नहुने मापदण्डलाई पनि शतप्रतिशतले प्रयोग नगरेको अवस्था भेटियो ।

विद्यार्थीको सिकाइ उपलब्धिस्तर वृद्दि गर्न अवलम्बन गरिएका उपायहरुमा अभिभावकलाई ट्युशनको व्यवस्थागर्न लगाउने शिक्षकहरुको सख्या ५ जना (८३.३३ प्रतिशत) र नलगाउने संख्या १ जना (१६.६६ प्रतिशत), कमजोर विद्यार्थीलाई वढी समय दिने ५ जना (८३.३३ प्रतिशत) र नदिने १

जना (१६.६६ प्रतिशत), छुट्टै समयमा कमजोर विद्यार्थीलाई अवसर दिने शिक्षकहरु नभएको, विद्यार्थीहरुवीच छलफल गराउने शिक्षकहरु ४ जना (६६.६६ प्रतिशत), नगर्ने २ जना ( ३३.३३ प्रतिशत) भेटियो ।

नमूनामा परेका ३ विद्यालयहरुको २ वर्षको विद्यार्थी उतीर्ण दर हेर्दा २०७१ र २०७२ सालमा परीक्षामा सामेल भएका सबै विद्यार्थीहरु उतीर्ण भएको देखिन्छ । यसले उदारकक्षोन्नतिमा विद्यार्थी फेल पार्न नपाइने मानसिकता शिक्षकहरुमा रहेको भेटियो । त्यसै गरी २०७१ सालमा १७६ जना विद्यार्थीहरु जसमा ९१ छात्र र ८५ छात्रा, २०७२ सालमा १९३ जना विद्यार्थीहरु जसमा ९२ छात्र र १०१ छात्रा भर्ना भएकोमा २०७१ सालमा २ छात्र, १ छात्रा गरी ३ जनाले (१.७० प्रतिशत), २०७१ सालमा १ छात्र र १ छात्रा गरी २ जनाले (१.०३ प्रतिशत) उही कक्षा दोहोऱ्याएको भेटियो ।

त्यस्तै २०७१ सालमा भर्ना भएका १७६ जना विद्यार्थीहरुमध्ये ५ छात्रा र ६ छात्र गरी ११ जनाले (६.२५ प्रतिशत), २०७२ सालमा कूल १९३ विद्यार्थीहरुमध्ये ७ जना छात्रा र ५ जना छात्र गरी १२ जनाले (६.२१ प्रतिशत) कक्षा छाडेको पाइयो ।

विगत २ वर्षको कक्षागत र विषयगत सिकाइ उपलब्धि २०७१ सालमा सबै विषयको औसत अंक कक्षा १, २ र ३ को क्रमशः ५३.५६, ५२.२८, ५२.९१  रहेको भेटियो । २०७२ सालमा कक्षा १, २ र ३ को क्रमशः ५२.०५, ५२.५९ र ५२.८७ औसत अंक पाइयो ।

नमूना छनोटमा परेका विद्यालयको शिक्षक विद्यार्थी अनुपातलाई हेर्दा १:१२ को अनुपात रहेको देखियो । यो आवश्यकभन्दा कम अनुपात संख्या हो । त्यसै गरी कक्षाकोठामा विद्यार्थी संख्यालाई हेर्दा २०७१ सालमा कक्षा १, २ र ३ मा क्रमशः औसत १९.६६, १९ र २० जना भेटियो । त्यसै गरी २०७२ सालमा कक्षा १, २ र ३ मा क्रमशः औसत विद्यार्थी संख्या २१, २१.६६ र २१.६६ नै  रहेको पाइयो ।

नमूना छनोटमा परेका विद्यालयहरुका शिक्षकहरुको  उदारकक्षोन्नति सम्बन्धी तालिमलाई हेर्दा १५ जना शिक्षकहरुमध्ये १४ जना (९३.३३ प्रतिशत) तालिम लिएका र १ जनाले (६.६६ प्रतिशत) तालिम नलिएको पाइयो । त्यसै गरी अभिभावकले विद्यार्थीका सामाजिक व्यवहार सम्बन्धी विवरणको सूचना गरेकोमा १ जना (३३.३३ प्रतिशत) ले लिन्छन, १ जना (३३.३३ प्रतिशत) ले लिदैनन् र १ जनाले (३३.३३ प्रतिशत) ले कहिलेकाही मात्र लिन्छन भन्ने प्रतिकृया दिएको पाइयो ।

उदारकक्षोन्नतिको अनुगमनको सन्दर्भमा विनि  र श्रोतव्यक्ति विद्यालयमा बेलाबेलामा आउने गरेको भए पनि उचित सल्लाह र परामर्श नदिएको पाइयो । त्यसै गरी कायसंचयिका प्रयोग गर्ने शिक्षक ४ जना (६६.६६ प्रतिशत) , नगर्ने शिक्षक २ जना (३३.३३ प्रतिशत) रहेको पाइयो ।

सिकाइ उपलब्धिमा देखिएका समस्याहरु समाधानका उपायहरुका सम्बन्धमा प्रअहरुले तालिमअप्राप्त शिक्षकलाई तालिम दिनु पर्ने, प्राप्त तालिमलाई पुनर्ताजगी गराउनुपर्ने, विनि र श्रोतव्यक्तिले उचित अनुगमन गर्नुपर्ने, अभिभावकलाई सचेत गराउनु पर्ने सुझावहरु दिएको पाइयो ।

शिक्षकहरुलाई श्रेणी बिभाजन गरी उदार कक्षोन्नती गर्ने कार्यका लागि व्यावहारिक र प्रभावकारी तालिमको आवश्यक्ता देखिन्छ । केहि शिक्षकले कार्यसञ्चयिकामा समेट्नुपर्ने पक्षहरुलाई वेवास्ता गर्दै हचुवाको भरमा उदार कक्षोन्नती गरिरहेकाले सिकाई उपलब्धिको स्तर कमजोर भइरहेको व्यवस्था छ । त्यसलाई सुधार गर्दै जानुपर्ने देखिन्छ । कक्षा उकास्ने पनि मापदण्डहरु छन्, उक्त सबै मापदण्डहरु प्रयोग गरैकै हुनुपर्छ । ज्यादै कमजोर अवस्थाका विद्यार्थीलाई अभिभावकको परामर्शमा सोहि कक्षा दोहोऱ्याउन सकिने पनि व्यवस्था छ । उक्त व्यवस्थालाई प्रयोग नगरी सरकारी नीति भन्दै सबैलाई कक्षा उकास्ने गरिएको स्थितिले सिकाई उपलब्धि खस्कने निश्चित प्राय: छ ।

अन्तमा सिकाई उपलब्धि प्राप्तिमा शिक्षक, प्रधानाध्यापक, विद्यालय निरिक्षक र स्रोतव्यक्तिहरुले औंल्याएका समस्याहरुले पनि समग्र वातावरणमा प्रभाव पारिरहेकाले उक्त कठिनाईहरु वा समस्याहरु निराकरण गरी उदार कक्षोन्नतीलाई सफल बनाउँदै सिकाई उपलब्धिलाई वृद्धि गर्नुपर्ने आजको टड्कारो आवश्यक्ता सरोकारवाला सबै सामु छ ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

प्राथमिक तहमा निरन्तर मूल्यांकन प्रणाली लागू गरी त्यसको माध्यमबाट सिकाइ उपलब्धि बढाउन, कक्षा छोडने दर र दोहोऱ्याउने दर घटाउनुका साथै विद्यार्थी उतीर्ण दर बढाउने लक्ष अनुरुप यो नीति आएको हो । यस
शोधले प्राथमिक तहमा उदारकक्षोन्नतिको अवस्था अध्ययन गरी निम्न निष्कर्षहरु निकालेको छ :

उदारक्षोन्नतिका लागि पाठयक्रमले तोकेको मापदण्ड सबै शिक्षकले व्यवहारमा प्रयोग गर्ने सीपको कमी देखिन्छ । त्यसै गरी ६६.६६ प्रतिशतले मात्र कार्यसंचयिका फाइल बनाए पनि उपयुक्त पाठयक्रम ढाँचामा बनाएको पाइएन साथै मूल्यांकन गर्ने पद्दति कमजोर रहेको विश्लेषण गर्न सकिन्छ ।

उदारकक्षोन्नतिको मापदण्ड प्रयोगस्थितिमा विद्यालय खुलेको ७० प्रतिशत हाजिर हुनुपर्ने मापदण्डलाई २ जनाले (३३.३३ प्रतिशत) मात्र प्रयोग गरेको, पहिलो त्रैमासिकमा विशिष्ट  क्षमता देखाउने विद्यार्थीलाई कक्षा उकास्न सकिने मापदण्ड प्रयोग गर्ने शिक्षक शुन्य हुनुले त्यसको प्रयोगमा शिक्षकहरु नै जानकार नभएको पुष्टि गर्न सकिन्छ ।

सिकाइ उपलब्धि वृद्दि गर्न प्रयोग गरिएका सुधारका उपायहरु सबै शिक्षकहरुले प्रयोग गरेको देखिँदैन, छुट्टै समयमा कमजोर विद्यार्थीलाई बढी अवसर दिने शिक्षकहरुको संख्या शुन्य हुनुले यो कुरालाई पुष्टि गर्दछ ।अभिभावकलाई सिकाइ वातावरण राम्रो बनाउन ट्युशनको व्यवस्था गर्न सुझाव दिने शिक्षकहरुको सँख्या ५ जना ( ८३.३३ प्रतिशत) हुनुले  उदारकक्षोन्नतिलाई सहयोग मिल्दछ । विद्यार्थीवीच छलफल गराउने शिक्षकको संख्या ४ जना ( ६६.६६ प्रतिशत) हुनुले यसमा सुधार गर्नु पर्ने देखिन्छ ।

नमूना छनोटमा परेका विद्यालयहरुको २ वर्षको कक्षा दोहोऱ्याउने २०७१ र २०७२ सालमा क्रमशः ३ जना (१.७० प्रतिशत) र २ जना (१.०३ प्रतिशत) देखिएको छ । साथै कक्षा छाडने दर २०७१ र २०७२ सालमा क्रमशः ११ जना (६.२५ प्रतिशत) र १२ जना (६.२१ प्रतिशत) रहेको छ । यसले कक्षा दोहोऱ्याउने र कक्षा छाडने विद्यार्थीहरुको संख्यामा उतारचढाव भएको देखिन्छ भने परीक्षामा सम्मिलित विद्यार्थीहरु दुवै सालमा शत प्रतिशत उतीर्ण हुनुले शिक्षकहरुमा विद्यार्थीहरु अनुतीर्ण पार्न नपाइने गलत धारणा रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

नमूना छनोटमा परेका विद्यालयहरुको दुवै सालको कक्षागत र विषयगत उपलब्धि हेर्दा २०७१ र २०७२ सालको उपलब्धि घटदो अवस्थामा छ । यसले उदारकक्षोन्नतिको कार्यान्वयन

भएको देखिँदैन । उदारकक्षोन्नति कार्यन्वयनको क्रममा प्रअ, शिक्षक, श्रोतव्यक्ति र विनि लगायत अभिभावकहरुले विभिन्न समस्याहरु औल्याएका छन् जसमा तालिमको कमी,प्राप्त तालिम व्यवहारमा प्रयोग नगर्नु, अनुगमन उपयुक्त नगर्नु, अभिभावक साकारात्मक नहुनु आदि पाइएकोले यस्ता समस्याहरु समाधान गर्न समयमा नै पहलकदमी सुरु गर्नुपर्ने देखिन्छ ।

## ५.२ अध्ययनका सुझावहरु

सामुदायिक प्राथमिक विद्यालयहरुमा उदारकक्षोन्नती कार्यान्वयनको अवस्था सम्वन्धमा गरिएको यस अध्ययले विविध पक्षहरुको अध्ययन अवलोकन गर्दा निस्किएका निष्कर्षहरुलाई सुधार गर्न सबैलाई निम्नानुसार सुझावहरु दिइएको छ ।

### ५.२.१ नीतिगत तह

पाठयक्रम निर्माण गरेर शैक्षिक नीति र कार्यक्रमकोरुपमा विद्यालयमा लैजानुभन्दा पहिले त्यसको लागि पर्याप्त पूर्वाधार विकास गरेर मात्र लागू गरिनु पर्दछ । उदारकक्षोन्नति यसरी क्रमिक रुपमा कक्षा १ देखि ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन गरिने नीति राज्यले शिक्षाक्षेत्रमा ल्याएको राम्रो कार्यक्रम हो ।

१. पाठ्यक्रम निर्माण गरी नयाँ नीति र कार्यक्रम तयार भैसकेपछि त्यसलाई अघि बढाउन पर्याप्त पुर्वाधारको व्यवस्था गरेर मात्र कार्यक्रमलाई लागु गर्नुपर्ने ।

२. निजि विद्यालयहरुमा पनि निरन्तर मूल्याङ्कनबाट उदार कक्षोन्नती गर्ने नीतिलाई केन्द्रिय तहबाटै व्यवस्था मिलाई लागु गरिएमा शैक्षिक रणनीतिमा एकरुपता कायम भई कायक्रम सफल बनाउन थप टेवा पुग्ने हुनाले सो अनुरुप गर्नुपर्ने ।

३ निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नती राष्ट्रव्यापी शैक्षिक भएकाले यसँग सम्बन्धित विषयमा राष्ट्रभरी नै गहन रुपमा तालिम सञ्चालन गर्नुपर्ने।

४. स्रोतव्यक्ति र विद्यालय निरीक्षकलाई विशुद्ध शैक्षिक परामर्शकर्ता र सहजकर्ताका रुपम खटाउनुपर्ने नीति अवलम्बन गर्नुपर्ने ।

### ५.२.२ अभ्यास तह

कार्यन्वयनमा देखिएका समस्याहरुलाई समाधान गर्नका लागि देशव्यापीरुपमा श्रोतव्याक्ति, विनि, प्रअ, शिक्षक र अभिभावकलाई तालिमसँगै अभिमुखिकरण संचालन गरी तालिमप्राप्त

शिक्षकलाई समय समयमा पुनर्ताजगी दिनु पर्दछ । उदारकक्षोन्नतिलाई सशक्त पार्नका लागि विनि, श्रोतव्यक्ति, प्रअ र शिक्षकहरुलाई राम्रो कार्य गरेवापत पुरस्कारको व्यवस्था र कमजोर वापत सामान्य दण्डसँगै सुधारका उपायहरु अवलम्बन गर्नु पर्दछ ।

विद्यालयको व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु शिक्षासँगका कुराहरु बुझ्न सक्ने चुनिनु पर्दछ । यसले विद्यालयमा उपलब्ध साधनलाई अधिकतम उपयोग गरी शैक्षिक तथा भौतिक वातावरण चुस्त राखी उदारकक्षोन्नतिका लागि उपयुक्त वातावरण तयार गर्न सहयोग पुग्दछ । यसो भएमा विद्यालय व्यवस्थापन समिति मार्फत उदारकक्षोन्नति नीति कार्यन्वयन गर्न चेतना फैलाउदै उदारकक्षोन्नतिमा देखिएका समस्याहरुलाई समाधान गर्न मदत मिल्दछ ।

१. जिल्ला शिक्षा कार्यालय र स्रोतकेन्द्रले केन्द्रको निर्देशन पालना गर्दै प्रभावकारी अनुगमन मूल्याङ्कन गरी दण्ड र पुरस्कारको समेत व्यवस्था गर्दै उदार कक्षोन्नती कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने ।

२. कार्यसञ्चयिकाको निर्माण र प्रयोग गर्न शिक्षकको नेतृत्वमा अभिभावक, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र विद्यार्थी समेतको समन्वय र सहकार्यको वातावरण तयार गर्नुपर्ने ।

३. जिल्ला शिक्षा कार्यालयले उदार कक्षोन्नती सम्बन्धी अन्यौलताहरुलाई हटाउन अभिमुखीकरण तालिम सञ्चालन गर्नुपर्ने ।

४. प्रभावकारी सुचना सञ्चारको माध्यमबाट अक्षर मापन प्रणालीकमा फाईदा सम्बन्धमा अभिभावक, शिक्षक र विद्यार्थीलाई प्रष्ट पार्नु पर्ने ।

### ५.२.३ अनुसन्धान तह

पाठ्यक्रमका प्रावधानहरु कार्यन्वयनमा विद्यालय, शिक्षक, कक्षाकोठाको वास्तविक समस्या पहिचान गरी समाधानका लागि शिक्षक साथै विद्यालय परिवारलाई प्रोत्साहन गर्न थप अनुसन्धान गर्नु पर्ने देखिन्छ । पाठ्यक्रम कार्यन्वयन गर्न विद्यालयलाई सक्रिय बनाउने नीतिहरु  अवलम्बन गरी आफ्नो आफ्नो जिम्मेवारी बोध गराई पेशाप्रति कर्तव्यनिष्ठ बनाउनुपर्ने देखिन्छ ।

१. विद्यालय व्यवस्थापन समिति वास्तविक अभिभावकबाट छानिएको हुनुपर्ने, जिम्मेवार प्रशासकको रुपमा शैक्षिक कार्यक्रम र नयाँ नीतिहरु प्रति जानकारी राख्ने हुनुपर्ने, यसले विद्यालयमा उपलब्ध साधनलाई अधिकतम उपयोग गरी शैक्षिक र भौतिक वातावरण चुस्त दुरुस्त राखी उदार कक्षोन्नती गर्न उपयुक्त वातावरण तयार गर्नुपर्ने ।

२. अभिभावकहरुले यो उदार कक्षोन्नतीलाई सिकाई उपलब्धिसंग तुलना गरी सकारात्मक बन्न नसकेकोले प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिले यस सम्बन्धमा सचेतना जगाउने अन्तरक्रियात्मक कायक्रम सञ्चालन गर्नुपर्ने ।

३. प्रधानाध्यापकले बालमैत्री वातावरण विद्यार्थी केन्द्रिय शिक्षण विधिबाट निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नतीलाई व्यवस्थित तरिकाले प्रयोग गरी बालकको सिकाईमा स्थायी परिवर्तन ल्याउनुपर्ने र उदार कक्षोन्नती प्रणालीबाट सिकाइ उपलब्धिको वृद्धि गर्नुपर्ने ।

# सन्दर्भग्रन्थ


अधिकारी, विष्णुप्रसाद (२०६७), *माध्यमिक शिक्षण दिग्दर्शन,* काठमाण्डौः आशिष बुक्स हाउस ।

कट्टेल, वालचन्द्र (२०६५), *पाठ्यक्रम अध्ययन,* काठमाण्डौः न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

कार्की, योगन्द्रवहादुर (२०६६), *समुदायिक प्राथमिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोग,* शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तहः (अप्रकाशित शोधपत्र),सुकुना वहुमुखी क्याम्पस, मोरङः ।

काफ्ले, शुरेन्द्रराज २०६९), *उदारकक्षोन्नतिको उपादेयता,* स्नातकोत्तर तह (अप्रकाशित श्रोतपत्र),सुकुना वहुमुखी क्याम्पस, मोरङ्गः ।

कुँवर, तेजबहादुर (२०६५), *मूल्याङ्कन प्रणालीमा देखिएका कठीनाइहरू,* शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तहः (अप्रकाशित शोधपत्र), त्रि.वि., काठमाडौः ।

कोइराला, विद्यानाथ (२०६२) *शैक्षिक प्रशासन,* काठमान्डौः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटि ।

खनाल, श्रीप्रसाद (२०६५), *कार्यक्रम मूल्यांकन,* काठमाण्डौः जुपिटर पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

खनाल,श्रीप्रसाद (२०६६), *कार्यक्रम मूल्यांकन,* काठमाण्डौः जुपिटर पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

पाठ्यक्रम विकास केन्द्र (२०५९), *निरन्तर विद्यार्थी मूल्यांकन परिचय पुस्तिका,* भक्तपुरः लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६७), *निरन्तर विद्यार्थी मूल्यांकन परिचय पुस्तिका,* भक्तपुरः लेखक ।

पौडेल, नारायणप्रसाद (२०६३) , *निरन्तर विद्यार्थी मूल्यांकन र त्यसको शैक्षिक व्यवस्थापनमा प्रभाव,* स्नातकोत्तर तहः (अप्रकाशित शोधपत्र), सुर्खेत वहुमुखी क्याम्पस, सुर्खेत ।

पौडेल, भोलानाथ (२०६१) *काठमान्डौ जिल्लाका सामुदायिक र संस्थागत माध्यमिक विद्यालयहरुको. शिक्षण सिकाइमा विद्यालय व्यवस्थापन समितिको भुमिका एक अध्ययन,* त्रि. वि. कीर्तिपुर, अप्रकाशित एम. एड. शोधपत्र ।

पौडेल, लेखनाथ (२०५३) *शैक्षिक प्रकृया र नेपालमा शिक्षा,* पुतली सडक, काठमाण्डौः आठराई प्रकाशन ।

फुयल, दामोदर (२०६५) , *निरन्तर मूल्यांकन प्रणालीको प्रभावकारिता,* शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तहः (अप्रकाशित शोधपत्र),सुकुना वहुमुखी क्याम्पस, मोरङ्गः ।

भट्टराई, रविन (२०६५), *प्राथमिक तहको उद्धारकक्षोन्नती कार्यान्वयनको अवस्था प्रतिवेदन,* शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तहः (अप्रकाशित शोधपत्र),सुकुना वहुमुखी क्याम्पस, मोरङ्ग ।

वाग्ले, मनप्रसाद (२०५८) *प्राथमिक शिक्षा,* भोटाहिटि, काठमान्डौ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ (२०५८), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु,* काठमाण्डौः मकालु बुक्स पब्लिकेशन ।

शर्मा, चिरन्जिवी (२०५८), *शिक्षा मनोविज्ञान,* काठमाण्डौः एम. के. पब्लिसर्स  एण्ड डिष्ट्रिव्युटर्स ।

शर्मा, चिरन्जिवी (२०६६), *शिक्षा मनोविज्ञान,* काठमाण्डौः एम. के. पब्लिसर्स  एण्ड डिष्ट्रिव्युटर्स ।

शर्मा, चिरन्जिवी एण्ड शर्मा, निर्मला (२०५७), *शिक्षाको दर्शनशास्त्रीय आधार,* काठमाण्डौः एम. के.पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

शिक्षा मन्त्रालय (२०५६) , *निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यक्रम पुस्तिका,* काठमान्डौ : श्री ५ को सरकार शिक्षा मन्त्रालय, पाठ्यक्र विकास केन्द्र, सानोठिमि भक्तपुर ।

सुवेदी, युवराज, (२०६१), *रामेछाप जिल्लाका सामुदायिक विद्यालयमा कक्षा ८ को जिल्ला स्तरिय परिक्षामा गणित विषयले शैक्षिक उपलब्धिमा पारेको प्रभाव एक अध्ययन:* त्रि.वि. कीर्तिपुर, अप्रकाशित शोधपत्र एम. एड. ।

## अनुसूची : एक
# उद्दार कक्षोन्नति कार्यान्वयनको अवस्था

### वि.नि. /श्रोतव्यक्तिका लागि प्रश्नवली

नाम, थर : अनुभव वर्ष :

स्रोतकेन्द्र : ठेगाना :

तलका प्रश्नहरूको उत्तर लेखिदिई आफ्नो अभिमत व्यक्त गरिदिई अनुसन्धान कार्यलाई सहयोग पुऱ्याइदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

क) उद्दार कक्षोन्नति कार्यान्वयनको अवस्था ।

...........................................................................................................................

ख) उद्दार कक्षोन्नतिले सिकाइ उपलब्धीमा पारेको प्रभाव ।

...........................................................................................................................

ग) कार्यसंचिका निर्माण र प्रयोग ।

...........................................................................................................................

घ) अभिलेख राख्ने प्रकृया सम्बन्धमा ।

...........................................................................................................................

ङ) उद्दार कक्षोन्नतिमा विद्यालय परिवार, श्रोतव्यक्ति साथै वि.नि. को भूमिका ।

...........................................................................................................................

च) उद्दार कक्षोन्नतिमा देखिएका समस्याका सम्बन्धमा ।

...........................................................................................................................

छ) उद्दार कक्षोन्नतिका समस्या समाधानहरुका उपायहरुका सम्बन्धमा ।

...........................................................................................................................

ज) उद्दार कक्षोन्नतिले शिक्षणमा पारेका प्रभाव सम्बन्धमा ।

...........................................................................................................................

झ) उद्दार कक्षोन्नति गर्ने मापदण्डका सम्बन्धमा ।

...........................................................................................................................

ञ) उद्दार कक्षोन्नति सम्बन्धी आवश्यक सल्लाह वा सुझाव सम्बन्धमा ।

...........................................................................................................................

## अनुसूची : दुई
# उद्दार कक्षोन्नति कार्यान्वयनको अवस्था

### प्रधानाध्यापकको लागि प्रश्नावली

प्र.अ.को नाम, थर : अनुभव वर्ष :
विद्यालयको नाम : ठेगाना :

तालिम : प्राप्त/ अप्राप्त शैक्षिक योग्यता :

तलका प्रश्नहरूको उत्तर लेखिदिई आफ्नो अभिमत व्यक्त गरिदिई अनुसन्धान कार्यलाई सहयोग पुऱ्याइदिनु हुन हार्दिक अनुरोध गर्दछु।

क) विद्यार्थी मूल्यांकन गर्दा निरन्तर मूल्यांकन प्रणाली प्रयोग गर्नुभएको छ ? छ भने किन ? छैन भने किन ?

........................................................................................................................

ख)उद्दार कक्षोन्नतिको वर्तमान कार्यान्वयन अवस्था कस्तो छ ?

........................................................................................................................

ग) उद्दार कक्षोन्नतिका सकारात्मक र नकारात्मक पक्षहरु केके हुन सक्दछन ?

........................................................................................................................

घ) उद्दार कक्षोन्नतिका लागि विद्यार्थीका अभिलेख कसरी राख्नुहुन्छ ?

........................................................................................................................

ङ) उद्दार कक्षोन्नति कार्यका लागि तपाइ कुनकुन मापदण्ड प्रयोग गर्नुहुन्छ ?

........................................................................................................................

च) उद्दार कक्षोन्नतिले सिकाइ उपलब्धीमा कस्तो असर पारेको छ ?

........................................................................................................................

छ) उद्दार कक्षोन्नति कार्यान्वयनमा कस्ता समस्याहरु देख्नुभएको छ ? समाधान गर्न केके गर्न सकिन्छ ?

........................................................................................................................

ज) उद्दार कक्षोन्नतिका सम्बन्धमा समाजमा कस्तो प्रतिकृया पाउनुभएको छ ?

........................................................................................................................

झ) उद्दार कक्षोन्नति कार्यान्वयन सम्बन्धमा तपाइको विचार के छ ?

........................................................................................................................

## अनुसूची : तीन

# उद्दार कक्षोन्नति कार्यान्वयनको अवस्था

## अभिभावकका लागि छलफल निर्देशिका

अभिभावकको नाम, थर : वर्ष :

विद्यालयको नाम : ठेगाना :

तलका प्रश्नहरूको उत्तर लेखिदिई आफ्नो अभिमत व्यक्त गरिदिई अनुसन्धान कार्यलाई सहयोग पुऱ्याइदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

क) तपाइको वच्चाको विद्यालयमा मूल्यांकन कसरी हुन्छ ,थाह छ कि छैन ?

........................................................................................................................

ख) तपाइको वच्चाको नतिजाबारे विद्यालयले जानकारी गराउँछ ?

........................................................................................................................

ग) विद्यालयले वच्चाको पढाइ, अनुशासन, व्यवहारको अवस्था जानकारी गराउँछ ?

........................................................................................................................

घ) परीक्षा नलिई वच्चालाई कक्षा चढाइन्छ । यसबारे तपाइको के विचार छ ?

........................................................................................................................

ङ) उद्दार कक्षोन्नति बारेमा केही थाह छ ?

........................................................................................................................

च) उद्दार कक्षोन्नति कार्यान्वयनमा समस्याहरु देख्नुभएको छ ?

........................................................................................................................

छ) उद्दार कक्षोन्नतिमा देखेका समस्या समाधानका लागि के भन्न चाहनुहुन्छ ?

........................................................................................................................

ज) उद्दार कक्षोन्नति कार्यान्वयनमा कस कसको भूमिका रहन्छ ?

........................................................................................................................

झ) तपाइको विचारमा उद्दार कक्षोन्नतिले सिकाइ उपलब्धीमा प्रभाव पारेजस्तो लाग्छ ?

........................................................................................................................

अनुसूची : चार

## उद्दार कक्षोन्नति कार्यान्वयनको अवस्था

### शिक्षकको लागि प्रश्नावली

शिक्षकको नाम, थर : अनुभव वर्ष :

विद्यालयको नाम : ठेगाना :

तालिम : प्राप्त/ अप्राप्त शैक्षिक योग्यता :

तलका प्रश्नहरूको उत्तर लेखिदिई आफ्नो अभिमत व्यक्त गरिदिई अनुसन्धान कार्यलाई सहयोग पुऱ्याइदिनु हुन हार्दिक अनुरोध गर्दछु।

क) तपाइ उद्दार कक्षोन्नति गर्नलाई कस्तो कार्य मान्नुहुन्छ ?

..........................................................................................................

ख) उद्दार कक्षोन्नतिले सिकाइ उपलब्धीमा स्तर बढाउँछ वा घटाउँछ ?

..........................................................................................................

ग) उद्दार कक्षोन्नति कुन प्रकृयाबाट गर्दा उपयुक्त हुन्छ ?

..........................................................................................................

घ) उद्दार कक्षोन्नतिको वर्तमान कार्यान्वयनको अवस्था कस्तो छ ?

..........................................................................................................

ङ ) उद्दार कक्षोन्नति कार्यान्वयनमा कस्ता समस्याहरु देख्नुभएको छ ?

..........................................................................................................

च) उदार कक्षोन्नतिका समस्याहरु समाधानका लागि के के सुझाव दिनुहुन्छ ?

..........................................................................................................

छ) उद्दार कक्षोन्नति कार्यान्वयन गर्न विद्यालय प्रशासन साथै सम्बन्धित निकायबाट कस्तो सहयोग पाउनुभएको छ ?

..........................................................................................................

ज) विद्यार्थीलाई उद्दार कक्षोन्नति गर्न कुनकुन मापदण्ड प्रयोग गर्नुभएको छ ?

..........................................................................................................

झ) विद्यार्थीको कार्यसंचिकामा केके कुरालाई समेटने गर्नुभएको छ ?

..........................................................................................................

ञ) उद्दार कक्षोन्नतिमा विद्यार्थीको श्रेणी विभाजन कसरी गर्नुहुन्छ ?

..........................................................................................................

अनुसूची : पाँच

# उद्दार कक्षोन्नति कार्यान्वयनको अवस्था

## विद्यार्थीको लागि अन्तरवार्ता निर्देशिका

विद्यार्थीको नाम, थर : कक्षा :

विद्यालयको नाम : ठेगाना :

तलका प्रश्नहरूको उत्तर लेखिदिई आफ्नो अभिमत व्यक्त गरिदिई अनुसन्धान कार्यलाई सहयोग पुऱ्याइदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

क) तिम्रो विद्यालयमा सँधै पढाइ हुन्छ कि हुँदैन ?

.............................................................................................................

ख) तिमीलाई पढाइ सकेपछि शिक्षक शिक्षिकाले सोध्नुहुन्छ कि सोध्नुहुन्न ?

.............................................................................................................

ग) तिमीलाई शिक्षक शिक्षिकाले पढाइ बाहेक अन्य कामहरु गर्न लगाउनुहुन्छ ?

.............................................................................................................

घ) तिम्रो विद्यालयमा साथीहरुवीच पढाइको विषयमा छलफल हुन्छ ?

.............................................................................................................

ङ) तिमी सँधै विद्यालय आउँछौ ?

.............................................................................................................

च) तिमी सँधै गृहकार्य गर्छौ ?

.............................................................................................................

ज) तिम्रो गृहकार्य शिक्षक शिक्षिकाले हेरेर जाँच्नुहुन्छ ?

.............................................................................................................

झ) तिम्रो विद्यालयमा एक वर्षमा कति पटक परीक्षा हुन्छ ?

.............................................................................................................

ञ) तिम्रो कक्षामा नजान्ने साथीहरुलाई शिक्षक शिक्षिकाले के गर्नुहुन्छ ?

.............................................................................................................

ट) तिमी सँधै सफासुग्घर भएर विद्यालय आउँछौ ?

.............................................................................................................

ठ) तिम्रो विद्यालयमा दैनिक हाजिर हुन्छ?

.............................................................................................................

अनुसूची : छ

# उद्वार कक्षोन्नति कार्यान्वयनको अवस्था

## अवलोकन फारम

| क.स. | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | अति निम्न | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | शिक्षकको व्यक्तित्व<br>क. सफासुघर<br>ख. आवाज<br>ग. भाषाको शुद्धता | | | | | | |
| २. | शैक्षिक सामग्रीको प्रयोग<br>क. सुन्न सकिने सामग्री<br>ख. देख्न सकिने सामग्री | | | | | | |
| ३. | विद्यार्थी मूल्याङ्कन<br>क. विद्यार्थी सहभागिता<br>ख. विद्यार्थीको गृहकार्य<br>ग. विद्यार्थीको अनुसासन | | | | | | |
| ४. | शिक्षकका क्रियाकलाप<br>क. अध्यापन विधिहरू<br>अ. व्याख्या<br>आ. प्रश्नोत्तर<br>इ. छलफल<br>ई. प्रर्दशन<br>ख. शिक्षकको हाउभाउ<br>ग. पृष्ठपोषण प्रदान | | | | | | |

अनुसूची : सात

# उद्दार कक्षोन्नति कार्यान्वयनको अवस्था

## विद्यार्थी प्रगति विवरण

विद्यालयको नाम : ..........................................................................................

विद्यार्थीको नाम :....................................................... कक्षा : .......... रोल नं. ........

| विषय | निरन्तर विद्यार्थी मूल्याङ्कन श्रेणी (क, ख, ग) | | | आवधिक उपलब्धीस्तर (लिखित तथा मौखिक) परीक्षाको आधारमा अङ्क दिने । तर यो अङ्क कक्षा उत्तीर्णका लागि नभएर विद्यार्थीको प्रगति अभिलेख र प्रगति प्रतिवेदनका लागि मात्र हुनेछ । | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | बार्षिक मूल्याङ्कन | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | बार्षिक मूल्याङ्कन | | जम्मा |
| | | | | पूर्णाङ्क १० | प्राप्ताङ्क | पूर्णाङ्क ३० | प्राप्ताङ्क | पूर्णाङ्क ६० | प्राप्ताङ्क | |
| नेपाली | | | | | | | | | | |
| अंग्रेजी | | | | | | | | | | |
| गणित | | | | | | | | | | |
| सामाजिक अध्ययन तथा सिर्जनात्मक कला | | | | | | | | | | |
| विज्ञान, स्वास्थ्य र शारिरीक शिक्षा | | | | | | | | | | |
| स्थानिय विषय/मातृ भाषा | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

कक्षा शिक्षक ............ रुजु गर्ने ................ प्र.अ.को दस्तखत ...............